वर्ष : १५ | अंक : १०

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०८३ वैशाख | 2026 Apr.-May.

राष्ट्रिय मासिक



रहिनन् स्वरकी
जादुगर **आशा भोसले**



मूल्य रु.४०/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-

## मध्यपूर्व द्वन्द्व

# श्रम खुल्यो, जोखिम कायमै




रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

PRABHU®
Money Transfer

प्रभुको इच्छा


BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
अधिकांश विप्रेषण कम्पनीको तर्फबाट सेवा
सबै शाखाबाट सेवा उपलब्ध
छिटो र छरितो सेवा
prabhu Money Transfer
ipay
WESTERN UNION MONEY TRANSFER
IME
eSewa MONEY TRANSFER


Western Union
ढुक्कै पैसा पाऔं
सेवा प्रवाहको
२०औं बर्ष
Delivering Dreams. Building Trust
Western Union
HULAS Remittance
HULAS Remittance
हुलास छ त ढुक्कै छ...
हुलास रेमिटेन्स प्रा. लि.
बागदरबार, सुन्धारा, काठमाडौं, फोन नं.: ०१-५३६१३१३/५३५८२२५
टोल फ्रि: १६६०० १११२२२ | ३६५ दिन नै ग्राहक सेवा

# नयाँ वर्ष २०८३ को शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदीबहिनी
तथा दाजुभाइहरूमा सुख, समृद्धि र सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**श्रीमती मनमायाँ श्रेष्ठ**
**संरक्षक**



**सुजनकुमार श्रेष्ठ**
**अध्यक्ष**

Manaram
FOUNDATION

बालुवाटार-४, काठमाडौं, नेपाल



नयाँ वर्ष २०८३ को
शुभकामना
नयाँ वर्ष २०८३ को अवसरमा व्यापारी-व्यवसायी तथा देश-विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना ।
रामहरी कार्की
अध्यक्ष
नेपाल हिमालय सीमापार वाणिज्य संघ, परिवार
बुद्धनगर, काठमाडौं




शुभकामना
नयाँ वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।
नवलकिशोर यादव
अध्यक्ष
SAAN NEPAL (P.) Ltd.
(A manpower consultant)
सान नेपाल प्रा.लि.
बत्तीसपुतली, काठमाडौं, फोन : ४४८४९७७, ४४६३०२६

# शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

रामेश्वर शाह

तथा

KTM

**Security Service**

Gyaneshwor, Kathmandu, Ph: +977 (01) 400 2727

---

नयाँ वर्ष २०८३ को

# शुभकामना





सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



**रोजेन्द्र गिरी**

अध्यक्ष

Shalmani Overseas

**सल्मानी ओभरसिज प्रा.लि.**

बत्तिसपुतली, काठमाडौं

फोन : ०१-५९२३११८

# यसभित्र




१०

## आवरण

### मध्यपूर्व द्वन्द्व कायमै

## श्रम खुल्यो, जोखिम अझै

खाडी मुलुकका लागि श्रम स्वीकृति पुनः खुलेसँगै नेपाली युवामा रोजगारीको आशा फेरि जागेको छ, तर पश्चिम एसियाको बढ्दो अस्थिरता, कामको अनिश्चितता र सुरक्षा चुनौतीका कारण वैदेशिक यात्रा अझै जोखिममुक्त बन्न सकेको छैन। यसर्थ अहिले सावधानी अपनाएर मात्र वैदेशिक रोजगारको बाटो तय गर्न आवश्यक छ। यसै विषयमा तयार पारिएको आवरण रिर्पोट :



१५ व्यवसाय संकटमा परिरहँदा संघ नेतृत्व चरम विवादमा




१७ पेट्रोलमा इथानोल मिसाउँदा घट्ला त आयात ?



२४ राष्ट्रपति-एनआरएनए भेट : नेपालमा लगानीको लागि आग्रह

३२ **चौतारी**

सेतो **गम्छा**

युवराज नयाँघरे





३४ **अनुभूति**

भावि पुस्ताले सम्मानपूर्वक स्वीकार गर्ने कर्म गरौं

शम्भु सुस्केरा



जोडी हुनु 'ज्ञानु र कृष्ण'को जस्तो !

२० **जनजीवन**

● बिन्दु अधिकारी ढकाल

३६ **मनोरञ्जन**

'मेरा सृजना राष्ट्रका सम्पत्ति हुन्'

नवीन कार्की, गायक



## सम्पादकीय

# नयाँ वर्ष २०८३ : समृद्धिको अपेक्षा

*हरेक नयाँ वर्ष केवल भित्तामा रहेको पात्रोको परिवर्तन मात्र होइन, आशा, अपेक्षा र समीक्षाको सुनौलो अवसर पनि हो। २०८२ साललाई विदाई गरेर नयाँ बर्षलाई स्वागत गर्नु भनेको केवल बर्ष परिवर्तन मात्र होइन, नयाँ आशा र अपेक्षाको स्वागत गर्नु पनि हो। नेपालको इतिहाँसले बिर्सन नसक्ने बर्षका रुपमा २०८३ स्थापित भएर नयाँ बर्ष भित्रिएको छ।*

*२०८२ नेपाली राजनीति र समग्र शासन व्यवस्थाका लागि चमत्कारिक परिवर्तनसहितको अनुभवको वर्ष बन्यो। एकातिर सत्ता गठबन्धनको फेरबदल, दलहरूबीचको अस्थिर समीकरण र नीतिगत निर्णयमा देखिएको ढिलासुस्तीले नागरिकमा निराशा बढायो। अर्कोतर्फ यही निराशालाई बोकेर जेन्जी आन्दोलनले नयाँ परिवर्तन ल्यायो। पुरानो सत्ता ढल्यो अनि आम निर्वाचनले नयाँ सत्ता जन्मायो। यही पृष्ठभूमिमा हामी २०८३ सालमा प्रवेश गरेका छौं, प्रश्नहरू उस्तै छन्, तर सम्भावनाहरू अझै बाँकी छन्।*

*नागरिकले अपेक्षा गरेको सुशासन, पारदर्शिता र जवाफदेहिताको स्तर अझै सन्तोषजनक बन्न सकेको छैन। रोजगारी सिर्जना, वैदेशिक रोजगार व्यवस्थापन, शिक्षा र स्वास्थ्यमा गुणस्तर सुधार जस्ता आधारभूत विषयहरूमा ठोस प्रगति हुन नसक्नु दुःखद यथार्थ हो। यद्यपि, यिनै चुनौतीहरूबीच अवसरहरू पनि प्रशस्त छन्। डिजिटल प्रविधिको प्रयोगले सेवा प्रवाहमा सुधार ल्याउने संकेत देखिएको छ। युवा पुस्तामा बढ्दो सचेतना र सहभागिताले राजनीतिक संस्कार परिवर्तन गर्ने सम्भावना बोकेको छ। अब आवश्यकता तमाम सकारात्मक पक्षलाई मजबुत बनाउने र कमजोरीहरूलाई इमान्दारीपूर्वक सुधार गर्दै जनताको मुहारमा हाँसो छर्ने रहेको छ।*

*नयाँ वर्षमा सबैभन्दा ठूलो अपेक्षा नयाँ बनेको बहुमतको सरकारप्रति रहेको छ। नीति निर्माणमा निरन्तरता, विकास आयोजनाहरूको समयमै सम्पन्नता, र लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने छ। साथै, सुशासनलाई व्यवहारमा उतार्ने प्रतिबद्धता देखिनुपर्छ। भ्रष्टाचार नियन्त्रणका लागि केवल नाराहरू होइन, कडा र निष्पक्ष कार्यान्वयन आवश्यक छ। सार्वजनिक सेवा सरल, छरितो र पारदर्शी बनाउन डिजिटल प्रणालीको विस्तार, कर्मचारीतन्त्रमा उत्तरदायित्व र नागरिकमैत्री व्यवहारलाई प्राथमिकता दिनुपर्छ।*

*आर्थिक क्षेत्रमा पनि २०८३ साल निर्णायक बन्न सक्छ। वैदेशिक रोजगारमा निर्भरता घटाउँदै देशभित्रै रोजगारी सिर्जना गर्ने नीति प्रभावकारी रुपमा लागू गर्नुपर्छ। कृषि, पर्यटन, ऊर्जा र साना तथा मझौला उद्योगलाई प्रोत्साहन दिँदै उत्पादन र निर्यात बढाउने दिशामा ठोस कदम चाल्नुपर्छ। युवालाई सीप, लगानी र अवसरसँग जोड्ने वातावरण बनाउन सके मात्र देशको आर्थिक आधार मजबुत बन्नेछ।*

*अन्ततः, नयाँ वर्ष केवल सरकार वा नयाँ उदाएका वा पुरानो राजनीतिक दलहरूको लागि मात्र होइन, आम नेपालीका लागि जिम्मेवारीको समय हो। सकारात्मक सोच, इमान्दार प्रयास र सहकार्यको संस्कारले मात्र हामीले चाहेको समृद्ध र स्थिर नेपाल निर्माण गर्न सकिन्छ।*

*नयाँ वर्ष २०८३ ले हामीलाई विगतका कमजोरीबाट सिक्दै, नयाँ ऊर्जा र दृढ संकल्पका साथ अघि बढ्ने प्रेरणा दिन सकोस्। चुनौतीहरू जति भए पनि, सही दिशा र सामूहिक प्रयास भए सम्भावनाहरूलाई यथार्थमा बदल्न सकिन्छ। यही विश्वासका साथ नयाँ वर्ष २०८३ सालको सबैमा हार्दिक शुभकामना।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १५ • अंक १० • २०८३ वैशाख

**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com





# पाठक पत्र

## सरकार गम्भीर हुन जरुरी छ

खाडी क्षेत्रमा बढ्दो युद्धको सम्भावनाले त्यहाँ कार्यरत नेपाली श्रमिकको अवस्था अत्यन्त संवेदनशील बनेको छ। रोजगारी गुम्ने डर र परिवारलाई रेमिट्यान्स पठाउन नसक्ने चिन्ताले उनीहरू मानसिक दबाबमा छन्। यस्तो अवस्थामा सरकारले केवल प्रतीक्षाको नीति होइन, सक्रिय कूटनीति र स्पष्ट उद्धार योजना अघि सार्नुपर्छ। श्रमिकको सुरक्षा सुनिश्चित गर्नु अहिलेको पहिलो दायित्व हो।

*- सुनिता खड्का, पोखरा*

खाडी क्षेत्रमा देखिएको तनावले नेपालजस्तो रेमिट्यान्समा निर्भर अर्थतन्त्र कति कमजोर आधारमा टिकेको छ भन्ने फेरि उजागर गरेको छ। युद्धका कारण रोजगारी घट्ने र श्रमिक फर्किन सक्ने अवस्थाले देशभित्र बेरोजगारी र आर्थिक दबाब बढ्न सक्छ। अब पनि हामीले वैदेशिक रोजगारीमै भर पर्नु बुद्धिमानी होइन। स्वदेशमै रोजगारी सिर्जना र वैकल्पिक श्रम गन्तव्य खोज्न सरकार गम्भीर हुन जरुरी छ।

*- इन्द्र राउत, कतार*

## श्रमको सम्मान, सरकारको जिम्मेवारी



श्रम, आत्मनिर्भरता र साधारण नागरिकको वास्तविक जीवनसंघर्षलाई श्रमकी शिखर राममाया लेखमा अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको छ। राममाया श्रेष्ठजस्ता मेहनती महिलाहरूले सानो सीप र परिश्रमबाट आफ्नो परिवार धानेको कथा प्रेरणादायी मात्र होइन, राज्यका लागि सन्देश पनि हो। यस्तो श्रमशील वर्गलाई सम्मान र अवसर दिनु सरकारको दायित्व हो। सीप विकास, बजार पहुँच र सामाजिक सुरक्षामा ध्यान दिन सके यस्ता नागरिक अझ सशक्त बन्न सक्छन्। देश परिवर्तनको आधार यस्तै श्रमशील हातहरू हुन् भन्ने कुरा राज्यले बुझ्न आवश्यक छ।

*- अनिता सुब्बा, विराटनगर*

## जनादेशको सम्मान होस्



"जनादेशसँगै सुधारको संकेत" शीर्षकको आलेखले देशको वर्तमान राजनीतिक अवस्था र नयाँ सरकारप्रति जनताको अपेक्षालाई सटीक रूपमा उजागर गरेको छ। जनमतबाट स्थापित सरकारप्रति जनताले राखेको आशा स्वाभाविक नै हो, तर त्यो आशालाई परिणाममा रूपान्तरण गर्नु सरकारका लागि सबैभन्दा ठूलो चुनौती पनि हो। समग्रमा, नयाँ सरकारप्रति आशा र विश्वास दुवै छन्। अब स्पष्ट कार्यान्वयन, पारदर्शिता र जनतासँग निरन्तर संवाद आवश्यक छ। जनादेशको सम्मान गर्दै सुधारलाई व्यवहारमा उतार्न सरकार सफल होस् भन्ने कामना गर्दछु।

*- राजन खत्री, काठमाडौं*

## झिलिमिलीभित्र लुकेको पीडा

"झिलिमिली र खरानी" शीर्षकको यो आलेखले युद्धको भयावह यथार्थलाई अत्यन्त प्रभावकारी ढंगले उजागर गरेको छ। आकाशमा देखिने झिलिमिली दृश्य बाहिरबाट हेर्दा आकर्षक लागे पनि त्यसभित्र लुकेको विनाश, पीडा र असुरक्षाको अनुभूतिले मन छोएको छ। विशेषगरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको त्रास, रोजगारी गुम्ने चिन्ता र परिवारप्रतिको जिम्मेवारीले अवस्था झन् संवेदनशील बनाएको देखिन्छ। यस्ता घटनाले युद्ध केवल भूगोलको विषय नभई मानवीय संकट हो भन्ने स्पष्ट हुन्छ। त्यसैले सम्बन्धित निकायले श्रमिकको सुरक्षा र भविष्यप्रति गम्भीर ध्यान दिनु आजको आवश्यकता हो।

*- देवराज कार्की, युएई*



## गजल



**● टेकराज भट्ट**

रङ फेरिरहने फेरुलाई मान्छे ठान्दिन मैले
निहुँ खोज्दै टाढिनेको पछुतो मान्दिन् मैले।

को कति पानी मुनि छ, र थियो हिजो पनि
बुझेकैछन् सबैले नसोध भो जान्दिन् मैले।

सफा भएर बग्ने नदीसंग अनुराग छ मेरो
जमेको तालमा कहिल्यै ढुंगा हान्दिन् मैले।

तिमी लैजाउ आलो रगत मेरो शरीरबाट
मलाई केही पर्दैनन् कुनै चीज छान्दिन् मैले।

कुकुरले टोक्दा, टोक्न जाने बानी छैन मेरो
न ताने न तान्छु अर्काको खुट्टा तान्दिन् मैले।




# मध्यपूर्व द्वन्द्व कायमै

# श्रम खुल्यो, जोखिम अझै

**श्रम स्वीकृतिको ढोका फेरि खुलेको छ तर त्यसको बाटो अझै पूर्ण रूपमा सुरक्षित भइसकेको छैन। आशा र जोखिम सँगसँगै अघि बढिरहेको यो अवस्थामा वैदेशिक रोजगारी अझै पनि 'सजिलो अवसर' भन्दा बढी 'सावधानीपूर्वक चालिने यात्रा' बनेको देखिन्छ।**

सरकारले खाडी मुलुकहरूका लागि स्थगित गरिएको श्रम स्वीकृति पुनः खुला गरेसँगै वैदेशिक रोजगारीमा जान चाहने हजारौँ नेपाली युवामा नयाँ आशा जागेको छ। महिनौँदेखि रोकिएको श्रम प्रक्रिया फेरि सुचारु हुँदा तत्कालका लागि रोजगारीको ढोका खुलेको अनुभूति भएपनि, अनिश्चितताको छायाँ भने अझै हटेको छैन।

पश्चिम एसियामा जारी भूराजनीतिक तनाव, अस्थिर सुरक्षा अवस्था र बारम्बार बदलिँदो परिस्थितिले खाडी क्षेत्रलाई पूर्ण रूपमा सुरक्षित गन्तव्यका रूपमा स्वीकार गर्न अझै कठिन बनाएको छ। विशेषगरी इजरायल-इरान तनाव, लेबनानको आन्तरिक द्वन्द्व तथा क्षेत्रीय अस्थिरताले नेपाली श्रमिकहरूको भविष्यप्रति गम्भीर प्रश्न उठाइरहेका छन्।

यद्यपि कतार, साउदी अरेबिया र युएई जस्ता मुलुकहरूमा रोजगारीका अवसरहरू निरन्तर देखिए पनि कामको स्थायित्व, तलब भुक्तानी र करार सुरक्षाजस्ता पक्षहरूमा श्रमिकहरूको गुनासो बढ्दो छ। केही क्षेत्रमा काम कटौती, तलब ढिलाइ र करार नवीकरण नहुने समस्या सामान्य बन्दै गएको छ।

सरकारले श्रमिक हित र मागलाई ध्यानमा राख्दै निर्णय लिएको बताइहँदा विज्ञहरू भने यसलाई दीर्घकालीन समाधान होइन, तत्कालीन राहत मात्र मान्छन्। उनीहरूका अनुसार श्रम स्वीकृति खुला हुनु आफैँमा पर्याप्त होइन, विदेशमा रहेका नेपालीको सुरक्षा सुनिश्चित गर्ने स्पष्ट उद्धार र जोखिम व्यवस्थापन योजना अझ आवश्यक छ।

यसरी हेर्दा, श्रम स्वीकृतिको ढोका फेरि खुलेको छ तर त्यसको बाटो अझै पूर्ण रूपमा सुरक्षित भइसकेको छैन। आशा र जोखिम सँगसँगै अघि बढिरहेको यो अवस्थामा वैदेशिक रोजगारी अझै पनि 'सजिलो अवसर' भन्दा बढी 'सावधानीपूर्वक चालिने यात्रा' बनेको देखिन्छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै खाडी मुलुकमा यसअघि लगाइएको अस्थायी प्रतिबन्ध हटाएको हो । मन्त्रालयको निर्णयसँगै अब साउदी अरेबिया, यूएई, कतार, कुवेत, बहराइन, ओमान, जोर्डन, लेबनन, टर्की र इजरायलका लागि सबै प्रकारका श्रम स्वीकृति (व्यक्तिगत, संस्थागत र वैधानिकीकरण) पूर्ववत अवस्थामा जारी हुने वैदेशिक रोजगार विभागले जनाएको छ ।

इरान युद्धका कारण पश्चिम एसियाली क्षेत्रमा उत्पन्न विषम परिस्थितिका कारण सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सरकारले फागुन १७ गते ती मुलुकहरूमा वैदेशिक रोजगारीमा जान अस्थायी रूपमा रोक लगाएको थियो । परिस्थितिमा सुधार आएसँगै श्रमिकहरूको हित र मागलाई ध्यानमा राखी पुनः श्रम स्वीकृति खुला गरिएको विभागको सूचनामा उल्लेख छ ।

अन्य देशहरूको हकमा श्रम स्वीकृति पूर्ण रूपमा खुला गरिए पनि इराकको सन्दर्भमा भने मन्त्रिपरिषद्को २०८२ पुस ११ गतेको निर्णय बमोजिम नै हुने गरी व्यवस्था मिलाइएको विभागले जनाएको छ । यस निर्णयसँगै श्रम स्वीकृतिको पर्खाइमा रहेका हजारौं युवाहरू लाभान्वित हुने अपेक्षा गरिएको छ ।

तथापी खाडी मुलुकहरूका लागि पुनः श्रम स्वीकृति खुला गर्ने निर्णयले एकपटक फेरि हजारौं नेपाली युवाको भविष्यको विषय नयाँ मोडमा ल्याएको छ । वैदेशिक रोजगारी लामो समयदेखि नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहँदै आएको छ, र खाडी मुलुकहरू यसको प्रमुख गन्तव्यको रुपमा रहेको छ । तर, अहिलेको अवस्थामा श्रम स्वीकृति खुलाउने निर्णय सहि हो त ? एउटा गम्भीर प्रश्न खडा भएको छ ।

पश्चिम एसियामा बढ्दो तनावका कारण श्रम स्वीकृतिमा रोक लगाइदा त्यसले हजारौं श्रमिकको वैदेशिक रोजगारीको यात्रा रोकिएको थियो भने वैदेशिक रोजगार व्यवसायीहरू अन्योलमा परेको अवस्था थियो । यसले देशभित्र बेरोजगारीको दबाब बढाउन थप बल पुगेको थियो । अहिले खाडी मुलुकहरूका लागि पुनः श्रम स्वीकृति खुला गर्ने निर्णयले तत्कालै रोजगारीको आशामा बसेका युवालाई राहत त दिएको छ । तर प्रश्न अझै बाँकी छ–यो दीर्घकालीन समाधान हो कि अस्थायी राहत मात्र ?

मध्यपूर्व सधैँ राजनीतिक र सैन्य अस्थिरताको केन्द्र रहँदै आएको क्षेत्र हो । हालैका द्वन्द्वहरूले देखाएको छ कि यहाँको शान्ति धेरैपटक अस्थायी मात्र हुन्छ । विशेषतः इजरायल र इरानबीचको तनाव, लेबनानमा भइरहेका आन्तरिक द्वन्द्व, र जोर्डन लगायतका देशहरूमा देखिने सुरक्षा चुनौतीहरूले क्षेत्रलाई पूर्ण रूपमा सुरक्षित भन्न गाह्रो बनाउँछन् ।

यद्यपि, खाडीका केही प्रमुख श्रम गन्तव्यहरू–जस्तै कतार, युएई तथा साउदी अरब आन्तरिक रूपमा अपेक्षाकृत स्थिर देखिन्छन् । ती देशहरूले श्रमिक सुरक्षामा केही सुधारात्मक कदमहरू पनि चालेका छन् । तर क्षेत्रीय तनाव बढ्दा त्यसको असर छिमेकी मुलुकमा पर्न सक्ने खतरालाई नकार्न सकिन्न ।

**रोजगारीका क्षेत्र प्रभावित**

पछिल्लो समय मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्व र तनावले त्यहाँको रोजगारी बजारमा प्रत्यक्ष असर पारेको छ । विशेषगरी खाडी मुलुकहरूमा कार्यरत लाखौं प्रवासी श्रमिक, जसमा ठूलो हिस्सा नेपाली कामदारहरूको छ, यसबाट सबैभन्दा बढी प्रभावित भएका छन् ।

द्वन्द्वका कारण निर्माण, पर्यटन, होटल तथा सेवा क्षेत्रका विभिन्न परियोजनाहरू प्रभावित भएका छन् । रोजगारदाता कम्पनीहरूले खर्च कटौती गर्ने रणनीति अपनाउँदै कर्मचारी संख्या घटाउने, तलब कटौती गर्ने र जबरजस्ती बेतलबी बिदा दिने प्रवृत्ति बढेको श्रमिकहरूले बताएका छन् । तथापी कतिपय ठूला आयोजनाहरू स्थगित नहुँदा तत्काल कामदारको अवसर भने प्रभावित देखिएको छैन ।

खाडी क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूका अनुसार पछिल्लो केही महिनायता कामको स्थायित्वमा कमी आएको छ । 'पहिले जस्तो ओभरटाइम पाइँदैन, तलब भने रोकिएको छैन'

## पूर्वतयारी गर्नैपर्छ



● **डा. गणेश गुरुङ**,
आप्रवासन विज्ञ

नेपालका अधिकांश वैदेशिक रोजगारी मध्यपूर्वमै केन्द्रित रहेकाले त्यहाँको अस्थिरताले ठूलो संख्यामा श्रमिकहरू प्रभावित हुन सक्छ । यदि द्वन्द्व चर्कियो भने धेरै नेपाली कामदारहरू स्वदेश फर्किन बाध्य हुन सक्छन्, जसका लागि नेपालले पूर्वतयारी गर्नैपर्छ ।

## सहायता योजना तयारी अवस्थामा छ



● **लोकबहादुर क्षेत्री**,
प्रवक्ता, परराष्ट्र मन्त्रालय

हालसम्म नेपालीहरू सुरक्षित रहेका छन्, तर त्यहाँको अवस्थालाई हामीले नजिकबाट निगरानीमा राखेका छौ । आवश्यक परे उद्धार तथा सहायता योजना पनि तयारी अवस्थामा राखिएको छ ।



कतारको होमसेन्टरमा कार्यरत झापाका हरि कार्की बताउँछन् । कतिपय कम्पनीहरूमा कामदारहरूलाई करार अवधि समाप्त भएपछि नवीकरण नगरी घर फर्कन बाध्य बनाइएको छ ।

द्वन्द्वको प्रभावले नयाँ कामदार पठाउने प्रक्रियामा पनि असर पारेको छ । केही समयका लागि श्रम स्वीकृति रोकिँदा वैदेशिक रोजगारीमा जान चाहने नेपाली युवाहरू अन्योलमा परेका थिए । यद्यपि पछिल्ला दिनमा सरकारले पुनः श्रम स्वीकृति खुला गरे पनि रोजगारको सुनिश्चितता अझै चुनौतीपूर्ण देखिएको छ ।

सरोकारवालाहरूका अनुसार मध्यपूर्वको अस्थिरताले दीर्घकालीन रूपमा पनि रोजगारी बजारमा नकारात्मक असर पार्न सक्छ । द्वन्द्वका कारण लगानी घट्ने, परियोजना ढिलाइ हुने र समग्र आर्थिक गतिविधि सुस्त बन्ने भएकाले रोजगारी सिर्जना दर घट्ने अनुमान गरिएको छ ।

यद्यपि केही क्षेत्रमा भने सीमित अवसर देखिएका छन् । सुरक्षा, आपतकालीन सेवा तथा प्राविधिक मर्मतसम्बन्धी काममा माग बढ्न सक्ने भए पनि यी क्षेत्र जोखिमपूर्ण र सीमित संख्यामा मात्र उपलब्ध हुने भएकाले अधिकांश श्रमिकलाई राहत पुग्ने अवस्था छैन ।नेपालका लागि मध्यपूर्वी क्षेत्र वैदेशिक रोजगारीको प्रमुख गन्तव्य हो । त्यसैले त्यहाँको द्वन्द्वले नेपाली श्रमिकको आम्दानी मात्र नभई देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने रेमिट्यान्समा समेत असर पार्ने चिन्ता बढेको छ ।

आप्रवासन विज्ञ गणेश गुरुङ नेपालका अधिकांश वैदेशिक रोजगारी मध्यपूर्वमै केन्द्रित रहेकाले त्यहाँको अस्थिरताले ठूलो संख्यामा श्रमिकहरू प्रभावित हुन सक्ने बताउँछन् । उनी भन्छन्, 'यदि द्वन्द्व चर्कियो भने धेरै नेपाली कामदारहरू स्वदेश फर्किन बाध्य हुन सक्छन्, जसका लागि नेपालले पूर्वतयारी गर्नैपर्छ ।'

यस्तै श्रम आप्रवासन विज्ञ रामेश्वर नेपालले कामदारको सुरक्षालाई प्रमुख चुनौतीका रूपमा औंल्याएका छन् । 'द्वन्द्वका कारण नेपाली श्रमिकहरू दोहोरो जोखिममा छन्–एकातिर रोजगारी गुम्ने खतरा, अर्कोतिर सुरक्षाको चिन्ता' उनले भने, 'सरकारले आवश्यक परे तत्काल उद्धार र सहयोगका लागि स्पष्ट योजना बनाउनु आवश्यक छ ।'

विशेष गरी द्वन्द्व वा आपतकालीन अवस्थामा आफ्ना श्रमिकलाई कसरी उद्धार गर्ने, कामदारहरू सम्पर्कविहीन हुन सक्छन् यसलाई कसरी सम्बोधन गर्ने तथा रोजगारी गुम्ने जोखिमलाई कसरी व्यवस्थापन गर्ने भन्ने तयारी नगरी श्रम स्वीकृति खुल्ला गर्दा यसले थप सुरक्षा चुनौती बढने खतरा भएको विज्ञहरू बताउँछन ।

यता सरकारले भने श्रमिकको सुरक्षालाई प्राथमिकतामा राख्दै सम्बन्धित मुलुकहरूसँग समन्वय गर्ने, आवश्यक परे उद्धार तथा सहयोगका कार्यक्रम अघि बढाउने तयारी गरिरहेको जनाएको छ । मध्यपूर्वको वर्तमान अवस्था स्थिर नभएसम्म त्यहाँको रोजगारी बजारमा अनिश्चितता कायम रहने देखिएको छ, जसले नेपाली श्रमिकहरूको भविष्यप्रति थप चिन्ता थपेको छ ।

नेपाल सरकारले समय-समयमा यस्ता घटनामा उद्धार प्रयास गरे पनि संरचनागत कमजोरीहरू अझै देखिन्छन् । त्यसैले श्रम स्वीकृति खुला हुनु मात्र पर्याप्त होइन–सुरक्षा संयन्त्र बलियो हुनु पनि उत्तिकै आवश्यक छ । यसका लागि वैदेशिक रोजगारीका आकर्षक गन्तव्य विकल्प खोज्ने र स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीतिमा जोड दिनुपर्ने आवश्यकता विज्ञहरूले औंल्याएका छन् ।

**छैनन् नेपाली जोखिममा**

खाडी क्षेत्रका विभिन्न मुलुकहरूमा जारी द्वन्द्व र तनावका खबरहरू सार्वजनिक भइरहे पनि त्यहाँ कार्यरत नेपाली श्रमिकहरू हालसम्म प्रत्यक्ष सुरक्षा जोखिममा नपरेको बताइएको छ । परराष्ट्र मन्त्रालयका अनुसार खाडी क्षेत्रका विभिन्न देशहरूमा रहेका नेपाली दूतावासहरूसँग निरन्तर समन्वय भइरहेको छ र हालसम्म कुनै पनि नेपाली नागरिक प्रत्यक्ष हिंसात्मक घटनामा परेको सूचना प्राप्त भएको छैन ।

मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री भन्छन् -'हालसम्म नेपालीहरू सुरक्षित रहेका छन्, तर अवस्थालाई नजिकबाट निगरानीमा राखिएको छ' उनी थप्छन् - 'आवश्यक परे उद्धार तथा सहायता योजना तयारी अवस्थामा राखिएको छ ।'

ती देशहरूमा सुरक्षा व्यवस्था कडा पारिएको र दैनिक जनजीवन सामान्य रूपमा सञ्चालन भइरहेको दूतावास स्रोतले जनाएको छ ।

वैदेशिक रोजगार विभागले पनि श्रमिकहरूलाई अनावश्यक हल्ला वा अफवाहमा नलाग्न आग्रह गर्दै आधिकारिक सूचना मात्र विश्वास गर्न अनुरोध गरेको छ ।

## जोखिम छैन, ढुक्कले काम गरिरहेका छौं



● **प्रताप ढुंगाना**, कामदार, कतार

कतारमा द्वन्दको केही असर परेको भएता पनि हाम्रो रोजगारीमा कुनै असर परेको छैन । नियमितरुपमा कार्यालय जाने र आउने काम भइरहेको छ । कम्पनीका कुनै काम रोकिएको छैन भने सुरक्षाको कुनै पनि जोखिम मोल्नु परेको छैन ।



> व्यवसायीहरूले सरकारसँग गन्तव्य मुलुकहरूसँग कूटनीतिक पहल बढाउने, कामदारको सुरक्षा सुनिश्चित गर्न द्विपक्षीय समन्वय गर्ने, वैकल्पिक गन्तव्य मा अवसर विस्तार गर्ने लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

विभागले कुनै पनि आकस्मिक अवस्थाका लागि सम्पर्कमा रहन र नजिकको नेपाली दूतावाससँग समन्वय गर्न सुझाव दिएको छ।

यद्यपि, विज्ञहरूले द्वन्द्व लम्बिँदै गएमा रोजगारी, आपूर्ति प्रणाली र श्रमिकको मनोबलमा असर पर्न सक्ने चेतावनी दिएका छन् । त्यसैले नेपाल सरकारले दीर्घकालीन रणनीति तयार पार्दै श्रमिकहरूको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ।

सरकारले आवश्यक परे आकस्मिक उद्धार, वैकल्पिक रोजगारी व्यवस्थापन तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न सकिने संकेत समेत दिएको छ।

**कुटनैतिक पहल बढाउन व्यवसायीहरूको आग्रह**

मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्व र तनावले रोजगार बजारमा असर पारिरहेको अवस्थामा वैदेशिक रोजगार व्यवसायीहरूले पनि चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार पछिल्लो अवस्थाले नयाँ कामदार पठाउने प्रक्रिया, माग र रोजगारीको स्थायित्वमा प्रत्यक्ष असर देखिन थालेको छ।

तथापी केही समय रोकिएको श्रम स्वीकृति पुनः खुला भएसँगै वैदेशिक रोजगार व्यवसायीहरू अहिले आफुसँग पहिल्यै नै आएका माग व्यवस्थापन गर्न सक्रिय भएका छन् । वैदेशिक रोजगार व्यवसायीका अनुसार विशेषगरी यूएई, साउदी अरब र कतारमा निर्माण, सेवा तथा सुरक्षा क्षेत्रमा कामदारको माग अझै छ। तर द्वन्द्वका कारण उत्पन्न अनिश्चितताले श्रम आपूर्ति केही समय प्रभावित बनेको थियो ।

प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल खाडी मुलुकमा श्रमस्वीकृति खुलाउनु सकारात्मक कदम भएको बताउँछन् । 'सरकारले सुरुमै पुनः श्रमस्वीकृति दिदा नयाँ जाने कामदारलाई रोक्नुपर्ने कारण नै थिएन' रावलले भने 'खाडीमा कामदारहरू जोखिममा नभएको अवस्थामा सुरक्षित तवरले जान्छु भन्दा जान दिनु राम्रो हो ।'

सीमित गन्तव्यमा मात्र निर्भर हुँदा स-साना समस्या आइपर्दा पनि रोजगारीको चक्रनै प्रभावित हुने गरेको भन्दै रावलले यसैका लागि रोजगार गन्तव्य देश विस्तार गर्न पटक पटक सरकारलाई घचघचाएको बताए । 'युरोप रोजगारीका लागि ३२-३३ महिना भैसक्यो मागपत्र प्रमाणीकरण रोकिएको छ । मन्त्रालयदेखि सरोकारित निकाय सबै कहाँ गयौ । तर यो कसैको चासोको विषय नै बनेन' उनले भने ।

'कन्सल्टेन्सी, ट्राभल एजेन्सी, गेष्ट हाउसले समेत युरोप पठाइरहेका छन् तर हामी इजाजतपत्र लिएर काम गर्नेहरूको मागपत्र प्रमाणिकरण रोकिन्छ' रावलले भने 'वैदेशिक रोजगारीमा गएका श्रमिकहरू अप्ठ्यारोमा पर्ने कारण नै यहि माध्यम हो । इजाजतपत्र पाएका संस्थाबाट जाँदा कुनै समस्यामा परे क्षतिपूर्ती पाउँछन्, अप्ठ्यारो अवस्थामा परे उद्धार गरेर ल्याउन सकिन्छ । त्यसैले यो सबै बिगारेको चाहि मागपत्र प्रमाणिकरण नै नगरिदिएर हो ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पुर्वमहासचिव तथा निलकमल हयुमन रिर्सोस प्रा.लि.का सञ्चालक मेघनाथ भुर्तेल अहिले खाडी मुलुकहरूको माग व्यवसायीहरूसँग थुप्रिएर रहेको बरु श्रम स्वीकृति बन्द हुँदा कामदार आपूर्तिमा समस्या निम्तिएको बताउँछन् । "खाडी क्षेत्रमा द्वन्द्वको अवस्था भए पनि कामदारको माग घटेको छैन । समस्या मागमा होइन, आपूर्ति व्यवस्थापनमा थियो" उनले भने ।

उनका अनुसार श्रम स्वीकृति रोकिँदा दैनिक सयौं कामदार विदेश जानबाट रोकिएका थिए, जसका कारण रोजगारदाता कम्पनीहरू वैकल्पिक श्रम बजार (भारत, बंगलादेश) तर्फ मोडिन थालेका थिए । "हामीसँग माग थुप्रिएको थियो, तर श्रम स्वीकृति नहुँदा पठाउन सकेनौं । अहिले खुलेपछि त्यो माग पूरा गर्न दौडधुप भइरहेको छ" उनले भने । उनका अनुसार साउदी अरबमा 'भिजन २०३०' अन्तर्गतका पूर्वाधार परियोजना, यूएईमा पर्यटन तथा सेवा क्षेत्र र कतारमा सुरक्षा तथा हस्पिटालिटी क्षेत्रमा कामदारको माग निरन्तर आइरहेको छ ।

तथापी पछिल्लो समय खाडी मुलुकबाट आउने नयाँ कामदारको माग भने घटेको छ । "पहिले जस्तो नियमित रूपमा माग आइरहेको छैन," नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष सुजित श्रेष्ठ भन्छन "रोजगारदाता कम्पनीहरूले 'पर्ख र हेर'को नीति अपनाएका छन, नयाँ परियोजना सुरु गर्न डराइरहेका छन् । त्यसैले उनीहरूले नयाँ कामदार भर्ना नगरी पुरानै

## रोजगारदाताले 'पर्ख र हेर'को नीति अपनाएका छन्



● **सुजित श्रेष्ठ**, प्रथम उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

पहिले जस्तो नियमित रूपमा माग आइरहेको छैन । रोजगारदाता कम्पनीहरूले 'पर्ख र हेर'को नीति अपनाएका छन, नयाँ परियोजना सुरु गर्न डराइरहेका छन् । त्यसैले उनीहरूले नयाँ कामदार भर्ना नगरी पुरानै जनशक्तिबाट काम चलाइरहेका छन् ।

## श्रम स्वीकृति रोक्नुपर्ने कारण नै थिएन



● **जनक रावल**, अध्यक्ष प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल

खाडी मुलुकमा श्रमस्वीकृति खुलाउनु सकारात्मक कदम हो । सरकारले सुरुमै पुनः श्रमस्वीकृति दिदा नयाँ जाने कामदारलाई रोक्नुपर्ने कारण नै थिएन । खाडीमा कामदारहरू जोखिममा नभएको अवस्थामा सुरक्षित तवरले जान्छु भन्दा जान दिनु राम्रो हो ।



जनशक्तिबाट काम चलाइरहेका छन् ।"

केही व्यवसायीहरूले त भिसा प्रक्रिया ढिलाइ हुने र करार होल्डमा राखिने समस्या पनि बढेको बताएका छन् । "पहिले एप्रुभ भएको डिमाण्ड पनि अहिले रोकिएको छ," प्रथम उपाध्यक्ष श्रेष्ठले भने, "यसले कामदार पठाउने सम्पूर्ण चक्र प्रभावित भएको छ ।"

यस्तै, व्यवसायीहरूका अनुसार खाडी क्षेत्रमा कार्यरत नेपाली कामदारहरूको अवस्थासमेत अस्थिर बन्दै गएको छ । "त्यहाँ रहेका कामदारहरूबाट तलब ढिलो आउने, ओभरटाइम कटौती हुने र आइडी नवीकरणमा समस्या आउने गुनासो आइरहेको छ," कतारमा व्यवसाय गरिरहेका एक व्यवसायीले बताए । उनका अनुसार, "यदि द्वन्द्व चर्कियो भने कामदार पठाउने मात्र होइन, फर्किनेको संख्या पनि बढ्न सक्छ । त्यसका लागि सरकारले पूर्वतयारी गर्नुपर्छ ।"

व्यवसायीहरूले सरकारसँग गन्तव्य मुलुकहरूसँग कूटनीतिक पहल बढाउने, कामदारको सुरक्षा सुनिश्चित गर्न द्विपक्षीय समन्वय गर्ने, वैकल्पिक गन्तव्य (जस्तैः जापान, कोरिया, युरोप) मा अवसर विस्तार गर्ने लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

व्यवसायीहरू भन्छन्– "मध्यपूर्वको अवस्था सामान्य नभएसम्म वैदेशिक रोजगारी क्षेत्र पूर्ण रूपमा प्रभावित भइरहन्छ ।" हालको परिस्थितिले वैदेशिक रोजगारी क्षेत्रलाई मात्र होइन, त्यसमा निर्भर लाखौं नेपाली परिवारको आयस्रोतलाई पनि अनिश्चित बनाएको व्यवसायीहरूको भनाइ छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव पिताम्बर घिमिरेका अनुसार सरकारले अहिलेको अवस्थाको निरन्तर अनुगमन गरिरहेको छ । "जोखिम मूल्यांकन गरेर मात्र निर्णय लिने गरिएको छ । कामदारको सुरक्षा हाम्रो लागि पहिलो प्राथमिकता हो," घिमिरेले बताए ।

**२८ जना घाइते, ११ नेपाली पक्राउ**

अमेरिका र इरानबीच जारी द्वन्द्वका कारण खाडी मुलुकमा २८ जना नेपाली घाइते भएका छन् । तीमध्ये २७ जना सामान्य अवस्थामा रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

द्वन्द्वसम्बन्धी फोटो र भिडियो सामाजिक सञ्जालमा हालेपछि ११ नेपाली पक्राउ परेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी गराए । उनीहरूले डर र त्रास फैलाउने सामग्री हालेपछि पक्राउ परेका थिए ।

उनले भने, 'नेपालले अमेरिका र इरानबीच जारी द्वन्द्वलाई नजिकबाट नियाली रहेको छ । मध्यपूर्वी देशमा जारी द्वन्द्वका कारण खाडी मुलुकमा घाइते हुने नेपालीको संख्या २८ पुगेको छ । ११ जना नेपाली पक्राउ परेका छन् । द्वन्द्वसम्बन्धी फोटो र भिडियो सामाजिक सञ्जालमा उनीहरूले डर र त्रास फैलाउने सामग्री हालेपछि पक्राउ परेका छन् ।' युद्धसम्बन्धी फोटो र भिडियो नहाल्न परराष्ट्र मन्त्रालयले नेपालीहरूलाई आग्रह गरेको छ ।

**विकल्प: गन्तव्य विस्तार र देशमै रोजगारी**

खाडी मुलुकमा देखिएको अस्थिरता र सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपालले वैदेशिक रोजगारीको विकल्प विस्तार र स्वदेशमै रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता झन् स्पष्ट भएको छ ।

वैदेशिक रोजगारीमा जाने क्रम रोक्न सम्भव छैन यसर्थ सर्वप्रथम नयाँ तथा आकर्षक गन्तव्य देशहरूको खोजी र विस्तार आवश्यक देखिन्छ । परम्परागत रूपमा निर्भर रहेका साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स जस्ता खाडी मुलुक बाहेक अब जापान, दक्षिण कोरिया, जर्मनी, रोमानिया, पोल्याण्ड जस्ता श्रम बजार खुला हुँदै गएका मुलुकतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यी देशहरूमा सीपयुक्त जनशक्तिको माग बढ्दो रहेको छ, जसले नेपाली युवालाई दीर्घकालीन र सुरक्षित रोजगारीको अवसर दिन सक्छ ।

दोस्रो महत्वपूर्ण पक्ष भनेको देशभित्रै रोजगारी सिर्जना हो । कृषि, पर्यटन, ऊर्जा, निर्माण तथा सूचना प्रविधि जस्ता क्षेत्रमा लगानी वृद्धि गरी आन्तरिक श्रम बजार बलियो बनाउन सकिन्छ । विशेषगरी युवा जनशक्तिलाई लक्षित गरी सीपमूलक तालिम, सहुलियत ऋण, स्टार्टअप प्रवर्द्धन र उद्यमशीलता विकास कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । यसमा राष्ट्रिय योजना आयोग र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा दीर्घकालीन नीति तथा कार्यक्रम आवश्यक हुन्छ ।

अन्ततः, वैदेशिक रोजगारीलाई पूर्ण रूपमा विस्थापन गर्ने होइन, तर सुरक्षित, व्यवस्थित र विविधीकृत बनाउँदै लैजानु नै आजको आवश्यकता हो । नयाँ गन्तव्य विस्तार र स्वदेशमै अवसर सिर्जना गरेमा मात्रै नेपाली श्रमिकहरूको भविष्य थप सुरक्षित र स्थायी बन्नेछ ।

## कामदारको माग घटेको छैन



● **मेघनाथ भुर्तेल,** पूर्वमहासचिव
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

खाडी क्षेत्रमा द्वन्द्वको अवस्था भए पनि कामदारको माग घटेको छैन । समस्या मागमा होइन, आपूर्ति व्यवस्थापनमा थियो । हामीसँग माग थुप्रिएको थियो, तर श्रम स्वीकृति नहुँदा पठाउन सकेनौँ । अहिले खुलेपछि त्यो माग पूरा गर्न दौडधुप भइरहेको छ ।

# आफ्नो व्यवसाय संकटमा परिरहँदा संघ नेतृत्व चरम विवादमा

## निकास खोज्न चौतर्फी दवाव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघभित्र नेतृत्व विवाद तीव्र बनेको छ । मध्यपुर्वमा द्वन्द्व चर्किरहँदा वैदेशिक रोजगार व्यवसाय आफैमा संकटमा परिरहेको छ यही अवस्थामा आफ्नै नेतृत्व विवाद छलाछुल्ल हुदा वैदेशिक रोजगार व्यवसायको क्षेत्र तरंगित बन्न पुगेको छ ।

पछिल्लो समय वैदेशिक रोजगार व्यवसाय संकटमा परिरहँदा संघ नेतृत्वले व्यवसायिक हत हितमा काम गर्नु पर्ने र व्यवसायीका मुद्धालाई सरकार समक्ष राख्नु पर्नेमा आफै विवादमा फस्दा आम व्यवसायीले दुःख व्यक्त गरेका छन् ।



संघका बहुमत पदाधिकारीले संघका अध्यक्ष भुवनसिंह गुरुङप्रति असन्तुष्टी जनाउँदै राजीनामा दिएपछि मेनपावर व्यवसायीहरूले चिन्ता व्यक्त गरेका हुन् । संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठसहित बहुमत पदाधिकारी तथा कार्यसमिति सदस्यहरूले सामूहिक राजीनामा दिँदै वर्तमान नेतृत्वप्रति असन्तुष्टि सार्वजनिक गरेका छन् ।

यता संघका अध्यक्ष गुरुङले भने व्यवसायिको पक्षमा काम गरिरहेको भएता पनि केही व्यवसायी विरोधीहरूले अनावश्यक विवाद निकालेको बताउँदै आएका छन् । उनले संघका केही पदाधिकारीलाई नियम विपरित काम गरेको भन्दै स्पष्टीकरण सोधेका छन् ।

यता संघमा राजीनामा दिने पदाधिकारीहरूमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, तृतीय उपाध्यक्ष वैकुण्ठप्रसाद पौडेल, महासचिव महेशकुमार बस्नेत, सचिव कुन्छा दोर्जे डिम्दोङ, कोषाध्यक्ष धनमाया सिंजाली तथा सदस्यहरू रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, हिमा गुरुङ, रमा खड्का र देवीप्रसाद गिरी रहेका छन् । उनीहरूले संघको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमार्फत आफ्नो निर्णय सार्वजनिक गरेका हुन् ।

राजीनामा दिने समूहले अध्यक्ष गुरुङको कार्यशैलीप्रति गम्भीर आपत्ति जनाउँदै संस्थागत प्रणाली कमजोर बनाइएको आरोप लगाएका छन् । उनीहरूको भनाइमा संघभित्र निर्णय प्रक्रिया पारदर्शी, समावेशी र सामूहिक हुनुपर्नेमा व्यक्तिगत ढंगले सञ्चालन गरिएको, जसले संस्थाको विश्वसनीयता र प्रभावकारितामा असर पारेको छ । साथै, सरकारी निकाय, व्यवसायी र सरोकारवालासँग आवश्यक समन्वय हुन नसकेको तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको हकहित र संरक्षणका विषयमा पर्याप्त ध्यान नदिइएको उनीहरूको आरोप छ ।

महासचिव महेशकुमार बस्नेतका अनुसार वर्तमान अवस्थाले संघको विधानअनुसार प्रभावकारी रूपमा काम गर्न कठिन भएको निष्कर्ष निकाल्दै नयाँ जनादेशमार्फत नेतृत्व चयन गर्न' नै संस्थाको हितमा हुने ठहर गरिएको हो । "संस्थागत एकता र कार्यक्षमता कायम राख्न अब नयाँ नेतृत्व आवश्यक छ," उनले भने ।

राजीनामा दिने पक्षले बहुमत पदाधिकारी तथा सदस्यहरूको बहिर्गमनसँगै कार्यसमिति अल्पमतमा परेको दाबी गर्दै तत्कालीन कार्यसमिति विघटन गरी नयाँ निर्वाचन प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय काठमाडौंसहित सम्बन्धित निकायसमक्ष औपचारिक आग्रह गरेको छ ।

संघको विधानअनुसार बहुमत कार्यसमिति सदस्यले पदत्याग गरेपछि नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया सुरु गर्न'पर्ने प्रावधान रहेको छ । पछिल्लो घटनाक्रमले संघभित्रको आन्तरिक विवाद सतहमा ल्याएको मात्रै होइन, वैदेशिक रोजगार क्षेत्रको नेतृत्व र नीतिगत समन्वयमा समेत प्रभाव पार्ने संकेत देखिएको छ ।

अध्यक्ष गुरुङले भने आफू व्यवसायी र वैदेशिक रोजगारीमा जाने कामदारको हित तथा सिन्डिकेटविरुद्ध निरन्तर लडाइँमा रहेको बताउँदै आएका छन् । अध्यक्ष गुरुङले संघको विधानअनुसार अध्यक्षसमक्ष राजीनामा बुझाउनुपर्नेमा आफूलाई कसैले राजीनामा नदिएको बताएका छन ।

उनले समस्या समाधानको प्रतिबद्धतासहित कार्यसमितिमा निर्वाचित भएको पदाधिकारी वा सदस्यले आफ्नो प्रतिबद्धता र जिम्मेवारीविरुद्ध जान नहुने टिप्पणी गरेका छन् ।

**संघमा ताला लगाउने र फोड्ने खेल**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ढोकामा अध्यक्ष गुरुङप्रति रोष प्रकट गर्ने समूहले ताला लगाएकोमा संघका अध्यक्षसहितको समुहले संघको ढोकामा लागेको ताला व्यक्तिगत निवास नभएको भन्दै तोडेका छन ।

अध्यक्ष गुरुङले संघमा ताला लगाउने हर्कत स्वीकार नहुने बताएका छन् । व्यवसायीको पक्षमा अभिभावकत्वको जिम्मेवारी लिएर जवाफदेही हुने उनको भनाई छ । उनी भन्छन्- 'फुटेर होइन बाँकी रहेको कार्यकाल मिलेर सहयात्रा गर्ने छु ।'

संघमा देखिएको विवादले व्यवसायीको मुद्धा ओझेलमा पर्ने संकेत देखिएको छ । संघ नेतृत्वको विवादलाई तत्काल समाधान गरेर अगाडि बढ्न आवश्यक छ । आम व्यवसायीले तत्काल निकास निकालेर अगाडि बढ्न दवाव दिइरहेका छन् ।

# बजेट लेखन प्रक्रिया थालियो

## सहसचिव खत्रीको संयोजकत्वमा 'बजेट लेखन समिति' गठन

आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रमको तयारीका लागि अर्थ मन्त्रालयले राजस्व व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव उत्तर कुमार खत्रीको संयोजकत्वमा 'बजेट लेखन समिति' गठन गरेको छ।

सरकारले बजेट निर्माणको पूर्वसन्ध्यामा अर्थमन्त्रीबाट संघीय संसद्मा पेश गरिने बजेट वक्तव्यको मस्यौदा तयार गर्न र बजेटका सिद्धान्त तथा प्राथमिकताहरू निर्धारण गर्न समिति बनाएको हो। यस समितिलाई आगामी आर्थिक वर्षको नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमका लागि आवश्यक सुझाव उपलब्ध गराउने र कार्यान्वयन गरिने विभिन्न आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरणमा सहजीकरण गर्ने जिम्मेवारी दिइएको छ।

यसका साथै, संघीय संसद्को दुवै सदनमा पेश गरिने विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गर्ने र बजेट वक्तव्यको अन्तिम मस्यौदा पेश गर्ने मुख्य कार्यभार पनि यसै समितिको कार्यक्षेत्रभित्र तोकिएको छ। समितिको




संरचनामा अर्थ मन्त्रालयका विभिन्न महत्वपूर्ण महाशाखाका प्रमुखहरूलाई सदस्यका रूपमा समावेश गरिएको छ।

जसमा बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डा. सुमन दाहाल, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख डा. धनीराम शर्मा, आर्थिक नीति विश्लेषण महाशाखाका प्रमुख महेश भट्टराई र वित्तीय संघीयता समन्वय महाशाखाका प्रमुख सेवन्तक पोखरेल रहेका छन्। यो समितिले मुलुकको वर्तमान आर्थिक परिवेश र विकासका लक्ष्यहरूलाई सम्बोधन गर्ने गरी आगामी बजेटको पूर्ण खाका तयार पार्नेछ।

नयाँ वर्ष २०८३ को

शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना।

भुवनसिंह गुरुङ
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, परिवार

# पेट्रोलमा इथानोल मिसाउँदा घट्ला त आयात ?

सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ। मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२' राजपत्रमा प्रकाशित भएको छ।




यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ। आदेशअनुसार नेपाल आयल निगमले उपलब्धता अनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ। आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल, सडेगलेको अन्न, मर्चा र अन्य आवश्यक रसायन समावेश छन्। खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ। यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ। निगमले पनि प्रत्येक ट्याङ्करको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ।

इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनु अघि हुने छ। मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ। निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ। नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ। उद्योगले सम्झौतामा उल्लङ्घन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ। अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ। मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ। समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन्।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ।

यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ। यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ।





# साना लगानीकर्तालाई नआत्तिन अर्थमन्त्रीको आग्रह

नेपालको पूँजी बजारमा पछिल्लो समय केही संशय र डरका लहरहरू देखिएका छन् । विशेषगरी सम्पत्ति शुद्धीकरण र सरकारी छानबिनका क्रममा केही पक्राउ परेपछि साना लगानीकर्ताहरू त्रसित भइरहेका बेला अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारको नीति 'धरपकड होइन, सुधार' रहेको स्पष्ट पारेका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सँगको छलफलमा अर्थमन्त्री वाग्लेले शेयर बजारलाई नेपालको सबैभन्दा पारदर्शी र व्यवस्थित क्षेत्रको रूपमा चित्रण गरेका थिए । सो अवसरमा उनले भने "हामीले शेयर बजारलाई डिजिटलाइजेसनको नमूना क्षेत्र मानेका छौँ । पेपरलेस प्रणाली र बैंकमार्फत हुने पारदर्शी कारोबारका कारण यहाँ लगानीकर्तालाई 'सम्पत्ति कहाँबाट ल्यायौ' भनेर सोध्ने र अनावश्यक दुःख दिने सरकारको कुनै मनसाय छैन ।"

अर्थमन्त्रीले साना लगानीकर्तालाई नआत्तिन आग्रह गर्दै बजारको अल्पकालीन उतारचढाव भन्दा पनि दीर्घकालीन सुधारमा विश्वास गर्न जोड दिए । नेप्सेको पुनःसंरचना र नीतिगत सुधारका कार्यहरू अघि बढाइने उनको प्रतिबद्धता छ । यद्यपि, बजारमा हुने इन्साइडर ट्रेडिङ र बजार चलखेल जस्ता अनैतिक कार्यमा संलग्नलाई भने कानुनको कठघरामा उभ्याइने उनले चेतावनी दिए ।

छलफलका क्रममा अर्थमन्त्री वाग्लेले नेपाललाई वित्तीय कारबाही कार्यदलको 'ग्रे लिस्ट' बाट जोगाउनु सरकारको मुख्य प्राथमिकता रहेको बताए । उनका अनुसार सरकारले 'ह्वाइट कलर क्राइम' अर्थात् वित्तीय अपराधमा जेल हाल्ने भन्दा पनि आर्थिक जरिवानालाई प्राथमिकता दिने नीति लिएको छ ।

अर्थमन्त्री वाग्ले थप्छन "हामी खुला बजार अर्थतन्त्रमा विश्वास गर्छौं, तर यो छाडा अर्थतन्त्र होइन । कुनै व्यक्ति वा संस्थालाई छानेर दुःख दिने हाम्रो नियत छैन । हामी लगानीकर्तामैत्री वातावरण बनाउन प्रतिबद्ध छौं ।"

राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रमा उल्लेखित बुँदाहरूलाई कार्यान्वयन गर्दै शेयर बजारलाई थप उदार र सुरक्षित बनाउने सरकारी दाबी छ । बजार अहिले घटेको भए पनि आगामी दिन 'सुनौला' हुने आशा जगाउँदै अर्थमन्त्रीले पाँच वर्षको कार्यकालका लागि आएको सरकारलाई साताभरिको बजार सूचकले मूल्याङ्कन नगर्न आग्रह समेत गरे ।

निश्चित रूपमा, अर्थमन्त्रीको यो स्पष्टोक्तिले त्रसित बनेका लगानीकर्तामा केही उत्साह भने थपेको छ ।


शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

सुजितकुमार श्रेष्ठ

प्रथम उपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
काठमाडौं, नेपाल

अध्यक्ष
एलायन्स ह्युमन रिसोर्सेज प्रा.लि.
सिनामंगल, काठमाडौं

# दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ सुरु

## मुलुकको वास्तविक आर्थिक चित्र सार्वजनिक गर्ने लक्ष्य



राष्ट्रिय तथ्याङ्क कार्यालयले 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारासहित दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ आज देखि सुरु गरेको छ। तथ्याङ्क गणनाको तयारीस्वरूप देशका ७७ जिल्लामा ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरिएका छन्।

स्थलगत तथ्याङ्क सङ्कलनका लागि ४,४३३ जना तालिमप्राप्त गणक तथा सुपरिवेक्षकहरू असार ७ गतेसम्म परिचालन हुनेछन्। यस गणनाबाट प्राप्त तथ्याङ्कका आधारमा आर्थिक वर्ष २०८३/८४ को सुरुदेखि नै तथ्याङ्क प्रशोधन तथा विश्लेषण गरी नतिजा क्रमशः सार्वजनिक गरिने राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

राष्ट्रिय आर्थिक गणनाको मुख्य उद्देश्य उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको संख्या, भौगोलिक वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गर्नु रहेको छ। यसका साथै कुल गार्हस्थ उत्पादनको अनुमान सुदृढीकरण, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि आवश्यक तथ्याङ्क उत्पादन तथा नीति निर्माण र योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ।

कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार यस गणनाले देशको आर्थिक तथ्याङ्क प्रणालीलाई संस्थागत रूपमा मजबुत बनाउने, लगानी प्रवर्द्धन तथा रोजगारी सिर्जनामा सहयोग गर्ने अपेक्षा गरिएको छ। उनले यो अभियानलाई सफल बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताएका छन्।

'यस गणनाले देशको आर्थिक तथ्याङ्क प्रणालीलाई संस्थागत रूपमा मजबुत बनाउनेछ। हामीले कुन क्षेत्रमा कति लगानी भइरहेको छ र रोजगारीको अवस्था के छ भन्ने ठ्याक्कै थाहा पाउनेछौँ। यो विवरणले आगामी दिनमा लगानी प्रवर्द्धन र सही नीति निर्माणमा कोसेढुङ्गाको काम गर्नेछ। त्यसैले सबै पक्षको सहयोग हाम्रो लागि अनिवार्य छ।'

अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ क्षेत्रमध्ये १८ वटा क्षेत्र समेटेर गणना गरिनेछ। यसमा देशभर रहेका साना-ठूला उद्योग, व्यापार, सेवा, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधि सञ्चालन गर्ने एकाइहरू समावेश हुनेछन्। तर कूटनीतिक नियोग, सार्वजनिक प्रशासन तथा सुरक्षा निकाय, तथा सामान्य घरायसी क्रियाकलाप भने गणनामा समावेश गरिने छैनन्।

गणनाका लागि अनलाइन 'इ-सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली प्रयोग गरी गणना क्षेत्र निर्धारण गरिनेछ। साथै दैनिक प्रगति निगरानीका लागि 'डेली रिपोर्टिङ सिस्टम' र समस्या समाधानका लागि कन्ट्रोल रुमको व्यवस्था गरिएको छ। कार्यालयले सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने स्पष्ट पारेको छ। व्यक्तिगत वा संस्थागत पहिचान खुल्ने गरी कुनै पनि सूचना सार्वजनिक नगरिने जनाइएको छ।

तथ्याङ्कको गोपनीयता र सङ्कलन प्रक्रियाबारे कार्यालयका प्रमुख पोखरेल भन्छन् 'तथ्याङ्क ऐन २०७९ बमोजिम हामीले सङ्कलन गरेका व्यक्तिगत वा संस्थागत विवरणहरू पूर्ण रूपमा गोप्य रहन्छन्। कसैको पहिचान खुल्ने गरी सूचना सार्वजनिक हुँदैन। हामीले दैनिक प्रगति निगरानीका लागि कन्ट्रोल रुमको पनि व्यवस्था गरेका छौँ। उद्योगी व्यवसायीहरूलाई ढुक्क भएर सत्य र पूर्ण विवरण उपलब्ध गराउन म विशेष अनुरोध गर्दछु।'

गणना सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समिति गठन, सञ्चारमाध्यममार्फत प्रचारप्रसार, निजी क्षेत्रसँग सहकार्य लगायतका कार्यक्रम सञ्चालन भइरहेका छन्। कार्यालयले सबै उद्योगी, व्यवसायी, सेवा प्रदायक तथा सम्बन्धित सरोकारवालालाई सत्य र पूर्ण विवरण उपलब्ध गराई गणनामा सक्रिय सहभागिता जनाउन आह्वान गरेको छ।






ज्ञानुको घर मन्दिर हो । जहाँ कामलाई पूजा ठान्छन् । बिना कारण कसैलाई पीर गर्नु पाप भन्छन् । उनीहरुको घरकोजस्तो वातावरण बनाउनु हो भने समृद्धि खोज्न टाढा जानु पर्दैन । चुरोकुरो मानिसभित्र सकारात्मक सोच हुनुपर्छ । त्यही धारबाट आधार भेटिन्छ ।

# जोडी हुनु त 'ज्ञानु र कृष्ण'को जस्तो !




● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com


*एक सास मलाई*
*बाँच्न देऊ भगवान्*
*छमछम नाच्न देउ*
*छैन अरु चाहना*
*मन्द मुस्कान हाँस्न देऊ...!*

मेरो रचना कविताका यी लाइनबाट कुराकानी सुरु गर्ने जमर्को गरेँ । ज्ञानु बहिनी, काठमाडौं बसेको कति वर्ष भयो ? मेरो यस प्रश्नमा उनले भनिन्, "दिदी, २०५८ सालमा मैले छोरो पाएँ । ऊ जन्मिदा गाउँ छोडेको चार वर्ष पूरा भइसकेको थियो । हिसाब सजिलो छ । तीन दशक हुन लागेछ ।"

उनलाई मेरो अर्को प्रश्न थियो । भाइ बहिनीको भागी बिहे हो कि ? "हाम्रो परम्परामा भागी बिहे चल्छ तर मलाई मागेरै बिहे गरेको हो । मेर ो माइत र घर काभ्रेपलाञ्चोक जिल्लामा पर्छ ।"

यहाँ आफ्नो काममा लगाव गर्ने मानिस कति छन्, होलान् ? संघर्षको मैदानमा उत्रिनु भनेको एकपछि अर्को फड्को क्रमशः चुनौती पार गर्नु हो । जीवनमा यो क्रम कसले गरेको हुँदैन, हामी सबैले गरेका छौं ।

यद्यपि ज्ञानु तामाङ त्यो हिम्मत हुन्, उनको श्रम शैली र सीपबारे कुरो सुन्दा अलौकिक लाग्छ । जीवन सफल हुन कुन सुत्र लागू गरिन्, उनी कसरी अघि बढिन् ? पढाइ लेखाइको कुरो गर्नु हो भने उनको लागि विद्यालयको ढोका खुलेन । तथापि हिसाबमा पढेकाहरूले भेट्दैनन् । माइतमा पाँच जना छोरी र एउटा छोरो हुर्काउन उनकी आमालाई हम्मे थियो । बुवाको दैनिकी रक्सी खाने ।

ज्ञानुका श्रीमान् कान्छामान तामाङ उर्फ कृष्ण सानैमा टुहुरा भए । डेढ वर्षको बच्चालाई थाहा छैन, आमाको माया के हो र कस्तो हुन्छ । सायद, त्यही एक्लोपन उनी अडिएनन्, घरमा । गाउँबाट भागेर काठमाडौं आइपुगे । मावली न आफन्त यत्रो शहरमा आखिर कसले संरक्षण दियो ?

श्रीमान्को बिगत खोतल्न ज्ञानु अघि सरिन् । भन्छिन्, "दश वर्षको त थियो अरे । त्यतिबेला बुढोले गार्मेन्ट फ्क्ट्रीमा गलैंचा बुनुभयो रे । उहाँले स्कुलको मैदान नटेक्नु भएको हैन, टेक्नु भयो तर आमा बिनाको घर पकाइ तुल्याइ समयमा खाना खाजा कसले दिने ? यसो हुँदा खालीगोडा भोकोपेट जेनतेन पाँच कक्षा पढेछन् ।"

अहिले काठमाडौंमा आफ्नै मिहिनेत र पसिनाबाट उभ्याएको उनीहरूको घर छ । त्यो घरले बासमात्रै होइन, आम्दानी पनि दिएको छ । त्यसो त भक्तपुर र बनेपामा घडेरीका टुक्रा छन् । उपत्यकाभित्र घरघडेरी जोड्न चानचुने मिहिनेतले भ्याउँदैन ।

जीवनको सुरुवातबारे ज्ञानु भन्छिन्- "दिदी, बिहे गरेर हामी गाउँ बसेनौं, यतै आयौं तर यहाँ कोठा पाइएन । जसरी पनि रात त बिताउनु पर्‍यो । हामी एक महिनासम्म लजमा बस्यौं । पछि, कोठा भेटियो, खाट थिएन । न थियो, ओड्ने ओछ्याउने कपडा नै । आँपका खाली बाक्सा जोडेर सुतेको इतिहास छ । त्यो बेला बुढो मसला मिलमा काम गर्नुहुन्थ्यो । बिहान ९ बजे मिल खोल्न पुग्नु पर्थ्यो । महिनाको १५ सय तलब थियो ।

तलब पाएको साँझ दुईटा प्लेट, दुईटा बटुका, दुईटा चम्चा, दुईटा गिलास किन्नु भएछ । यी सामान सँगै केही खाने कुरो पनि लिँदै बुढो कोठा आउनु भयो । यो विरानो शहरमा चिनेजानेको कोही थिएन । मिलमा छुट्टी भइसकेपछि उहाँ (तपाईको भाइ)को दोस्रो काम सुरु हुन्थ्यो । त्यहीँ मिलबाट मसला किन्ने र असन गल्लीमा घुमीघुमी बेच्ने । राति दश बजेसम्म खट्नु हुन्थ्यो । त्यो व्यापार गर्न १५ सयमा साइकल किन्नुभयो । म वीर हस्पिटल

अगाडि कागती बेच्थेँ । पछि, जमलमा मोजा बेच्न थालेँ तर त्यता नगरपालिकाले खेदेकोखेद्यै व्यापार घाटा भयो ।"

मलाई आश्चर्य लाग्यो, त्यतिखेर पनि नगरपालिकाले भुइँमान्छेलाई हटाउने गरेको रहेछ । मैले पुनः ज्ञानुकै कुरातिर मन फर्काएँ- "एक लाख ३० हजारमा बुढोले तरकारी बोक्ने टेम्पो किन्नु भयो र मसला मिलमा काम छोडेर टेम्पो चलाउन थाल्नु भो । एक दिन मान्छे हान्नु भएछ । भगवान्को कृपा मान्छेलाई केही भएन तर मेरो बुढो चै बिरामी पर्नुभयो । डाक्टरकोमा जचाउँदा रोग थिएन । धामीको विश्वास मानेर निको हुन उहाँ गाउँ जानु भयो ।"

त्यसपछि के भयो ? मनको डरलाई फुकफाकले निको पाऱ्यो ? "धामीले भाले चाहिन्छ भनेछन् । यही कुरो घरमा भाउजूलाई सुनाउँदा 'यहाँ कसको भाले हुनु ?' रुखो त्यो जवाफपछि बुढो ससुराली जानु भएछ । मेरी आमाले भाले व्यवस्था गरिदिनुभएछ र धामीले भने अनुसार पूजा गरेर उहाँ काठमाडौं फर्कनु भयो । हामी बुढाबुढी आआफ्नो मिहिनेतमा रमायौँ । कहिले उसले बढी कमायो, कहिले मैले । यो मेरो अनि यो चै तेरोको भावना होइन कि जे छ, सबै हाम्रो !"

यति प्रेरणादायि श्रीमान् श्रीमती विरलै होलान् । कोटेश्वर बसाइ सुरु गर्दाको क्षणलाई ज्ञानुले यसरी सम्झना गरिन्- "मदन भण्डारी पार्क नजिकै हाम्रो कोठा थियो । घरबाला दिदी साह्रै मजाकी हुनुहुन्थ्यो । 'भाइ बहिनी, तिमीहरू पनि जग्गा किन है सस्तो छ' तर तत्कालै त्यो काम गर्नै आएन । खाली चौर थियो, कोटेश्वर । घरपरिवार आफन्त हामीलाई कसले व्यवहार सिकाउने ? कोही थिएन । दोस्रो टेम्पो किन्यौँ, चालकले चलाउथ्यो । उसलाई तलब दिनु पर्थ्यो ।

छोरी पाउने बेला मसँग पैसा थियो । भक्तपुर गएर एक लाख २५ हजारमा साढे दुई आना जग्गा किन्यौँ । हाम्रो नाम जपेर बस्दै गरेको त्यो जमिन पछाडिपट्टि परेछ । मलाई मन परेन र बेच्ने योजना भयो । उर्लेको खहरे झैँ जग्गाको दाम बढेको समय १४ लाख आनाले बिको । पहिला जसको जमिन थियो, उनैले किनिन् ।"

ज्ञानुलाई सुन्दा मलाई लाग्यो, यो पनि एक प्रकारको चिठ्ठा हो । उनले छोरी पाएपछि (चलिरहेका दुईटा टेम्पो बेचेर) कृष्ण साउदी गए । यताभन्दा बढी पैसा कमाउन । त्यता साढे दुई वर्षको कमाइ मात्र दुई लाख बच्यो । बिदामा नेपाल आएका कृष्णलाई साहुले निकै ढिँपी गरेर बोलायो तर उनले पुनः देश छोड्ने निर्णय बदले, गएनन् ।

थप कुरो ज्ञानु बाटै- "मेरो बुढोको इमान्दारिता देखेर हो कि ? नेपाल आउने बेलामा साहुले ८ सय रियाद हातमा दिएछ र सपिङ पनि गरिदिएको रहेछ । बिदा नसकिदैदेखि तारन्तार खबर पठायो 'कृष्ण तिमी आऊ, जसरी पनि आऊ । काम सुरु गरेपछि तलब पनि बढाउछु' आफ्नो निर्णय बदल्नु भएन बरु आफूले चिनेजानेकाहरूलाई कम्पनीसँग जोड्ने काम गर्नुभयो । त्यसबापत साहुले यताको चार लाख पैसा पठाइ दियो, एक वर्षमा ।"

यहीँ खट्न हजार बाटा छन्, मात्र लगाव हुनु पऱ्यो । साथै, लक्ष्य र धैर्यता पनि चाहियो । काम गर्ने मानिस कोही सानो हुँदैन बरु खारिदै जान्छ । उताको त्यो भिसा छोडेर घरदेशमा भाइको दिनचर्या कहाँबाट र कसरी सुरु भयो ? मैले ज्ञानुलाई प्रश्न गरेँ ।

"त्यो आठ सय रियाद, विदेशमा कमाएको दुई लाख र थप ५० हजार सापटी खोजेर सेतो भ्यान किन्यौँ । हाम्रा बच्चाहरू सानै थिए । दिउँसो उनीहरू स्कुल गएपछि म के गर्नु ? कोठामा यतिकै बसेर हुँदैन भनेर एउटा निधो गरेँ, सटर खोजेर पसल गर्छु । भाइले मानेको थिएन तर एक जनाको कमाइले के मात्र गर्नु । मलाई चित्तै बुझेन । यहाँ ऱ्याक मात्र थियो । १ लाख दश हजार मूल्य तिरेर सटर आफ्नो बनाउन दौडधुप गरेँ ।

चिनेको मामा मार्फत प्रति महिना ३ हजारका दरले ब्याज तिर्ने सर्त १ लाख रुपैयाँ सापटी खोजेर ल्याएँ । सटर खाली थियो, क्रमशः सामान भरियो । बुढोले बिहान कालिमाटी गएर तरकारी ल्याइदिनु हुन्थ्यो । खाद्य र सागसब्जी मैले दिनको एक बोरा त आलु मात्रै बेच्थेँ । त्यो बेला राम्रो व्यापार थियो । त्यो तीन हजार ब्याज एकदमै महँगो हो तर दुई जनाले कमाउदा ऋण तिर्न सजिलो भयो । अब भने हामीलाई व्यवहारले नै व्यवहार सिकाएको अनुभूति हुन थालिसकेको थियो ।" सटरमा सामान मिलाउँदै ज्ञानुले भनिन् ।

ज्ञानु साह्रै मिठो र गुलियो बोल्छिन् । आफुसँग नहुँदा आत्तिने र हुँदा मात्तिने स्वभाव छैन, उनको । त्यसो त कृष्ण भाइ झन् आँखामा हाल्दा नबिझाउने स्वभावका सदाबहार लाग्छन्, मलाई । उनीहरूका छोराछोरीको पढाइ लेखाइ राम्रो छ । स्कुल पढ्दै व्यवहार बुझेका हुन् । सायद, यसैलाई भनिन्छ, बोट अनुसारको फल !

काठमाडौं- ३२ मा घर उभिनु अघिको संघर्षबारे ज्ञानु भन्छिन्- "ड्राइभर संघमा सेयर हालेको थियो । त्यताबाट बिनाधितो पाँच लाख ऋण लियौँ । सहकारीसँग पनि कारोबार थियो, आफूले राम्रो व्यवहार गरेको कारण सहकारीले बिनाधितो सापटी पत्यायो । व्यापार चलेको समयमा भक्तपुरमा चारआना जग्गा किन्यौँ । बुढोको लागि त्यहीँ घर बनाउने रहर थियो, चारैतिर खुला र बस्न रमाइलो वातावरण छ भनेर तर मलाई भने त्यता बस्न मन लागेन । बरु त्यो जग्गा बिक्री गरियो, ७२ लाखमा ।

भक्तपुरमा जग्गा खोज्न जाँदा एक जना दिदी र म गएका थियौँ । पछि, यहीँ कोटेश्वरमा पनि दिदी र म नै मिलेर घडेरी हेऱ्यौँ । हामीलाई उचित लाग्यो र बैना गऱ्यौँ, त्यो दिन बुढो पिकनिक जानु भएको थियो । पछि, दिदी र हामीले घर पनि सँगै बनायौँ । हातमा पूरा पैसा भएर हैन, ऋण खोजेरै काम सुरु गरेको थियो । अघि बढेपछि आँट पनि पलायो ।"

जीवनको फरक संघर्ष ! यो स्तम्भले कतिको काँधमा जिम्मेवारी महसुस होला भने खेर गइरहेको उर्जा कतिलाई जागर उम्रेला । लोलाएका टोलाएका आँखा खुल्लान् । मैले वर्षौँदेखि ज्ञानुको जोडीको मिहिनेतलाई नजिकबाट नियालिरहेकी छु । घत लाग्दो कुरो छोराछोरी स्कुल जाँदा खाजा खान दिएको पैसा बचाएर आमाबाउको जन्मदिन र मुख हेर्ने अवसरमा उपहार किनिदिन्छन् । 'अहिले पर्दैन, पछि कमाउने भएपछि गर' आमाले भन्छिन् तर 'ममी, अब हामी साना छैनौँ । यसकारण हामीलाई नरोक, नछेक' नानीहरूले यसै भन्छन् अरे ।

झन्डै एक लाखजस्तो घरभाडा उठ्छ । अब ऋणको बोझ छैन, सकियो होला कि ? मैले कुराकानीको अन्त्यतिर ज्ञानुलाई सोधेँ । "दिदी, ऋण कहाँ सकिनु नि । पहिला महिनामा ७० हजारको दरले किस्ता तिर्थ्यौँ तर अहिले कम छ । त्यो सेतो भ्यान बेचियो र नयाँ ट्याक्सी किनियो । यतिबेला बुढो ट्याक्सी चलाउनु हुन्छ । यो पसललाई आवश्यक सामान र तरकारी म आफैँ ल्याउछु, छोरोले सघाएको छ । छोरीले घर सरसफाइ र बिहान बेलुका खाना पकाउछिन् अनि पढ्न जान्छिन् । उनी नर्स पढ्दै छिन् । प्लस टु पढ्दा एक रुपैयाँ खर्च लागेन । कक्षामा फस्ट थिइन् । यतिखेर पनि छोरीको पढाइ राम्रो छ ।"

ज्ञानुको परिवार राति मात्र घरमा बस्न भ्याउछन् । पसलको काम बिस्कुन सुकाएजस्तै हो, रुघिरहनु पर्छ । सबै आआफ्नो काममा व्यस्त नयाँ कुरो भएन । घर बनाउन सुरु गर्दैदेखि छोरोले विशेष तरिका पुऱ्याएकोमा ज्ञानु खुसी हुँदै भन्छिन्- "अर्काको घरमा बस्दाको असुविधा मान्छेले कति हेप्थे, पानी दिदैन थे, शौचालय जानमै समस्या हुन्थ्यो । 'ममी, हाम्रो घर भएपछि अरुलाई हेला गर्नु हुन्न है' बच्चाहरूले हामीलाई खुब सम्झाउछन् ।"

ज्ञानुको घर मन्दिर हो । जहाँ कामलाई पूजा ठान्छन् । बिना कारण कसैलाई पीर गर्नु पाप भन्छन् । उनीहरुको घरकोजस्तो वातावरण बनाउनु हो भने समृद्धि खोज्न टाढा जानु पर्दैन । चुरोकुरो मानिसभित्र सकारात्मक सोच हुनुपर्छ । त्यही धारबाट आधार भेटिन्छ । यहाँ काम सानो ठुलो हुँदैन । मन र व्यवहारले मानिसलाई व्यवस्थित बनाउछ । ज्ञानुले व्यापारबाट कमाउछिन् भने उनका श्रीमान्ले ट्याक्सी चलाएर दिनको ५/६ हजार जोहो गर्छन् । आफूहरूले नपढे पनि छोराछोरीलाई पढाए, लेखाए देशको लागि योग्य नागरिक बनाए । समाजकै नमूना यो परिवारलाई कसैको आँखा नलागोस् !



# जापानमा जमेका डिलाराम खरेल

> डिलारामले आफ्नो व्यवसायमा पुस्तान्तरणका लागि सहजिकरण गरिरहनु भएको छ। अहिले छोरा गिनिजले व्यवसाय सम्हाल्न थालिसकेका छन्। जापानको व्यवसायलाई परिवारमा हस्तान्तरण गरेर आफु नेपालमा नै बाँकी जीवन बिताउने उहाँको योजना रहेको छ ।

सामान्य किसान परिवारमा जन्मिनु भएका गुल्मी मुसिकोटका डिलाराम खरेलले जीवनमा त्यस्तो ठूलो सपना देख्नु नै भएको थिएन। बुवा स्व. नरेश्वर र आमा चन्द्रकला खरेलको कोखबाट वि.सं. २०२३ सालमा जन्मिनु भएका डिलारामलाई परिस्थितिले परदेशी बनायो। गाउँमा नै एसएलसीसम्मको पढाई सकेपछि जन्मभूमी छोड्नु भएको उहाँले पढाइका प्रमाणपत्र होइन जीवनका संघर्ष र अनुभवका गोल्ड मेडलले अहिले आफ्नो र व्यवसायिक जीवन सफल र सवल बनाउनु भएको छ।

छिमेकी देश भारतमा केही बर्ष कर्म गर्नु भएका डिलाराम सन् २००० सेप्टेम्बरमा सपनाको देश जापानको नागोया पुग्नुभयो। श्रमिक भिसामा कुकको रूपमा जानु भएको उहाँका लागि जापान सपना भन्दा पनि चुनौतीको पहाड थियो। न भाषा बुझिन्थ्यो, न संस्कार मिल्थ्यो। अपरिचित परिवेशले उहाँलाई बारम्बार हतोत्साहित बनाउथ्यो। तर उहाँको मनले भन्थ्यो "जापानमा नै बस्नु छ अनि यहीँ संघर्ष गर्न' छ अनि सफल हुनु छ।"

उहाँले दुई वर्षको संघर्षपछि जापानी भाषा र त्यहाँको संस्कार सहजै आफुमा ढाल्न थाल्नुभयो। करिव चार वर्षसम्म अरुको रेष्टुरेन्टमा काम गर्नुभयो। आफ्नो मेहनत र इमान्दारितालाई अलिकति पनि घट्न दिनुभएन बरु अझ बढाउनु भयो। यो समयमा नै उहाँले जापान र यहाँको श्रमलाई आफ्नो बनाइसक्नु भएको थियो।

भारतमा हुँदा नै रेष्टुरेन्ट व्यवसायमा लागेर अनुभव हाँसिल गरिसक्नु भएका डिलारामलाई अरुकोमा काम गर्न'को सट्टा आफै व्यवसायमा लाग्नुपर्छ भन्ने सोच पलायो, हिम्मत जाग्यो। हुन त डिलाराम सानै उमेरदेखि नै केही भिन्न स्वभावको हुनुहुन्थ्यो। रिस्क लिन नडराउने उहाँको स्वभाव थियो। अनि सन् २००५ मा उहाँले पहिलोपटक आफ्नै लगानीमा 'सपना रेष्टुरेन्ट' खोल्नु भयो। ठुलो लगानी, राम्रो पार्किङ, फराकिलो ठाउँ र ग्राहकलाई सम्मान- यी सबै विशेषताले छोटो समयमा नै सफलता प्राप्त हुन थाल्यो। नेपाली तथा भारतीय स्वाद मात्र नभई ग्राहकलाई गरिने सेवा र सत्कारका कारणले पनि उहाँको रेष्टुरेन्ट लोकप्रिय हुँदै गयो। रेष्टुरेन्टका शाखा बिस्तार भए, एकपछि अर्को सफलता चुम्दै जान थाल्नु भयो।

त्यसपछि रेष्टुरेन्टको अलावा केही साथीहरूसँग मिलेर उहाँले सन् २०१० मा खाद्यान्न आपूर्ति व्यवसाय सुरु गर्नुभयो। नेपालीलगायत विभिन्न देशका सामाग्रीहरू जापानको बजारमा उपलब्ध गराउन थाल्नुभयो। उहाँ भन्नुहुन्छ 'रेष्टुरेन्टका लागि आवश्यक सामाग्री अन्य ठाउँमा किन्नुको सट्टा आफै उपलब्ध गराएर सप्लाई किन नगर्ने भनेर नै खाद्यान्न व्यवसाय शुरु गरियो।'

सुरुमा व्यवसाय घाटामा गयो। कोरोनाका कारण धेरै असहज भयो, अन्य साझेदारहरूले साथ छोडे तर उहाँले हिम्मत हार्नुभएन। असफलताले नै सिकाउँदै जान्छ। उहाँ आफैले आँट गर्नुभयो। कम्पनीको नाम फेरेर 'डिजी जापान' बनाउनु भयो। धैर्य र इमानदारीताले मानिसलाई कहिल्यै पछाडि धकेल्दैन भन्ने उहाँमा लागू भयो। कम्पनी बिस्तारै नाफामा परिणत भयो। यही क्षणलाई उहाँ आफ्नो जीवनको ठूलो मोड ठान्नुहुन्छ।

अहिले उहाँका सपना ग्रुप इन्टरनेशनल अन्तर्गत रेष्टुरेन्ट व्यवसाय र डिजी जापान अन्तर्गत होलसेल तथा रिटेल स्टोर संचालन भइरहेका छन्।

ooo

जापानमा उहाँले व्यवसायका अन्य विभिन्न अवसरहरू खोज्दै जान थाल्नु भयो। अहिले जापानमा सीपयुक्त नेपाली कामदार जान थालेका छन्। जापान रोजगारका लागि आकर्षक देश हो। पारिश्रमिक राम्रो पाउने भएकाले जापान रोजगारमा नेपालीहरू प्रवेश गराउनु पर्छ भनेर डिलारामले पहल थाल्नु भयो। सन् २०१९ मा जापान सरकारले ल्याएको 'एसएसडब्ल्यु' कार्यक्रम अन्तर्गत नेपाली युवालाई रोजगारीका लागि जापान ल्याउने कामका लागि आधिकारिक लाइसेन्स प्राप्त गर्ने उहाँ नै

पहिलो नेपाली व्यवसायी बन्न पनि सफल हुनुभयो। कोरोना महामारीले केही समय काम नभएपनि उहाँले अहिले पनि नेपालीलाई जापान रोजगारको अवसर प्रदान गरिरहनु भएको छ।

जापानका कम्पनीहरूमा नेपालीहरूका लागि अवसरहरू खोजेर सक्षम नेपालीहरूलाई रोजगार दिलाउन उहाँ सफल हुनु भएको छ। धेरै नेपालीहरूलाई एसएसडब्लुबाट ल्याएर उहाँले विभिन्न कम्पनीहरूमा रोजगारमा लगाउनु भएको छ। नेपाल सरकारले अझै पहल गर्ने हो भने धेरै भन्दा धेरै नेपालीले जापानमा रोजगारको अवसर पाउने डिलारामको बुझाई छ। अहिले धेरै क्षेत्र मध्ये नेपालीहरूको माग केयर गिभर तथा रेष्टुरेन्टहरूमा अत्याधिक रहेको र यो क्षेत्रमा नेपालीहरू जापानिजले मन पराउने गरेको उहाँ बताउनु हुन्छ। तर जापान जानका लागि सीप सिक्ने, काम गर्न सक्ने, खट्न सक्ने र जापानीज भाषा राम्रोसँग पढेर मात्र जापानका लागि एप्लाई गर्न डिलारामको सुझाव छ।

जापानमा अहिले ३ लाखका हाराहारीमा नेपाली पुगिसकेका छन्। त्यही अनुसार नेपाली परिवार पनि जापानमा हुर्किरहेका छन्। जापानमा रहेका नेपाली बालबालिकालाई शिक्षा प्रदानका लागि "गोर्खा पीक इन्टरनेशनल स्कुल" स्थापना गरेर नेपाली बालबालिकालाई शिक्षा दिने बाटो डिलारामसहितको समुहले खोलिदिएका छन्। जापानमा रहेका नेपाली बालबालिकालाई शिक्षा प्रदानका लागि उहाँको ठूलो लगानी रहेको छ। प्रवासी भूमीमा पनि नेपाली स्कुल संचालन गरेर शिक्षा प्रदान गर्न' उहाँको नेपालीप्रतिको योगदान पनि हो।

डिलारामलाई व्यवसाय भनेको नाफामात्र होइन, जिम्मेवारी पनि हो भन्ने लाग्छ। उहाँका विभिन्न कम्पनीमा काम गर्ने झण्डै एक सय जना कामदार रहेका छन्। सबै खुशी छन्। उहाँ जापानमा यस्तो नेपाली व्यवसायी हो



जसले आफ्ना सबै कर्मचारीको सामाजिक बीमा (सोसियल इन्सुरेन्स) बुझाउनुहुन्छ। कर्मचारीलाई सुरक्षित महसुस गराउनु नै व्यवसायलाई दिगो बनाउने आधार हो भन्ने उहाँको विश्वास छ।

अबको पाँच वर्ष आफ्ना तीनवटा कम्पनीहरू सपना ग्रुप, डिजी जापान र गोरखा पीक स्कुललाई थप मजबुत र सफल बनाउने उहाँको योजना छ। आफ्ना उत्तराधिकारीलाई व्यवसाय सुम्पेर त्यसपछि भने स्वदेश फर्केर केही नविनतम काम गर्ने डिलारामको चाहाना छ।

उहाँ भन्नुहुन्छ -'जापानमा सिकेको सीप र अनुभवलाई नेपालमै लगानी गर्न सके अझ ठूलो काम गर्न सकिन्छ। सफलता भनेको ठुला सपना देखेर मात्र होइन, भिजनसहित कामलाई निरन्तरता दिएर प्राप्त हुन्छ।'

साधारण कामदारको रुपमा नान सेक्न जापान पुग्नु भएका डिलाराम आज सयौं युवालाई रोजगारी दिने उद्यमी बन्नु भएको छ। हिजो केही हजार पारिश्रमिकमा काम गर्नुभएका डिलाराम आज नेपालीलाई मात्र होइन जापानीजलाई समेत रोजगारी दिएर लाखौ पारिश्रमिक प्रदान गर्ने ठाउँमा पुग्नु भएको छ।

उहाँको जीवन संघर्षको कथाले यही भन्छ- 'संघर्षको बाटो सजिलो हुँदैन, तर धैर्य, निरन्तरता र इमानदार मेहनतले असम्भवलाई सम्भव बनाउन सकिन्छ।'

डिलारामले आफ्नो व्यवसायमा पुस्तान्तरणका लागि सहजिकरण गरिरहनु भएको छ । अहिले छोरा गिनिजले व्यवसाय सम्हाल्न थालिसकेका छन्। छोरीज्वाईले पनि उहाँको व्यवसायमा साथ दिन थालेका छन्। जापानको नायोगामा जीवनसाथी तुल्सीदेवी खरेलका साथ बस्दै आउनु भएका डिलारामलाई नेपालको यादले भने जहिल्यै सताइरहन्छ। त्यही भएर जापानको व्यवसायलाई परिवारमा हस्तान्तरण गरेर आफु नेपालमा नै बाँकी जीवन बिताउने उहाँको योजना रहेको छ।



परिवारको साथमा डिलाराम खरेल।





जापानमा रहेको कार्यालय अघि डिलाराम।

# राष्ट्रपति-एनआरएनए भेट :
# नेपालमा लगानीको लागि आग्रह



राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान अवस्थामा नेपालमा रहेको लगानीको अपार सम्भावनाको सदुपयोग गर्न र आफू बसोबास गरेको मुलुकमा रहेका लगानीकर्ताहरूलाई समेत नेपालमा लगानीको लागि अभिप्रेरित गर्न विश्वमा छरिएर रहेका नेपालीहरूलाई आग्रह गरेका छन् । राष्ट्रपति पौडेलले गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरूसँग राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा सो आग्रह गरेका हुन् ।

"नेपालको आन्तरिक क्षमतामा वृद्धि गरी तीव्र आर्थिक विकास गर्न सके मात्र विदेशमा बस्ने नेपालीहरूको शिर पनि उँचो हुनेछ, नेपाल समृद्ध नहुँदासम्म नेपालीहरूको प्रतिष्ठा बढ्न सक्तैन", उनले भने "नेपाललाई सुशासन विकास र समृद्धितर्फ लैजान तथा देशको अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा बढाउन तपाईंहरूले अझ प्रभावकारी भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास छ ।"

नेपालमा जलविद्युत्, पर्यटन, कृषि, पूवार्धार, सूचना तथा सञ्चार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा लगानीको ठूलो सम्भावना छ भने अर्कातर्फ भारत र चीनजस्ता विश्वकै ठूलो जनसंख्या र बृहत् बजारहरू हाम्रा समीप र पहुँचमा छन् भन्दै उनले यस्तो अवस्थामा, नेपालमा आर्थिक विकासका लागि चाहिने पूर्वाधार, औद्योगिकिकरण र आन्तरिक उत्पादनलगायतको विकासमा केन्द्रित हुनुपर्दछ भन्ने आफूलाई लागेको बताए ।

"यसका लागि बुहपक्षीय साझेदारी अत्यावश्यक हुन्छ । त्यसमा तपाईंहरूले आर्जेको पूँजी, ज्ञान, सीप, अनुभव, लगानी र उद्यमशीलता सान्दर्भिक तथा उपयोगी सावित हुन सक्छ", राष्ट्रपति पौडेलले भने । एनआरएनले विगतमा नेपालका विभिन्न क्षेत्रमा व्यक्तिगत र संगठित रूपमा गर्दै आएको लगानी नेपालको विकास र समृद्धिमा सहयोगी बनेको बताउदै उनले आगामि दिनमा यो सहयोगलाई अझै प्रभावकारी बनाउन आग्रह गरे ।

भर्खरै सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट मुलुकको विषम र जटिल परिस्थितिले एउटा निकास पाएको उनको भनाइ थियो । "नेपाली जनता र खासगरी युवा पुस्ताको चाहनाबमोजिम अब मुलुकमा सुशासनको माध्यमबाट सामाजिक न्यायसहितको विकास र समृद्धितर्फ अग्रसर हुन जनताले मतादेश दिएका छन्", उनले भने ।

राष्ट्रपति पौडेलले राज्यको प्रशासनिक पुनसंरचना भएपनि राज्यको चरित्र र जीवन पद्दतिको पुनःसंरचना अझै हुन बाँकी भन्दै संघीय लोकतान्त्रिक गणतन्त्रका निश्चित मूल्य मान्यता, सिद्धान्त र दर्शनलाई आत्मसात गर्न नसकेसम्म नेपाली जनताले चाहेजस्तो सामाजिक न्यायसहितको समृद्धि हाँसिल गर्न कठिन भएको बताए । "त्यसैले आज हामी सबैले ती मूल्य, मान्यता र दर्शनलाई अंगिकार गरेर अघि बढ्नुपर्ने खाँचो छ", उनले भने ।

उनले गैरआवासीय नेपाली विश्वसम्मेलनबाट भर्खरै निर्वाचित अध्यक्ष, पदाधिकारीलगायत सबैलाई हार्दिक बधाई दिँदै यो समितिले संसारभर रहेका सबै गैरआवासीय नेपालीलाई समेटेर यो संस्था सबैको साझा संस्था हो भन्ने भावना जागृत गराउन सफल होस् भन्ने शुभकामना पनि दिए ।

सो अवसरमा संघका नवनिर्वाचित अध्यक्ष डा हेमराज शर्माले संघका गतिविधि र भावी योजनाबारे प्रकाश पारेका थिए । यस्तै नेपालमा संघले गरिरहेको लगानी, थप लगानीको सम्भावना, दोस्रो पुस्तालाई जोड्ने रणनीति लगायतका विषयमा प्रकाश पारेका थिए ।

# एनआरएनए र सामाजिक सुरक्षा कोषबीच सहकार्य विस्तार




गैरआवासीय नेपाली संघ (एनआरएनए) र सामाजिक सुरक्षा कोष (एसएसएफ)को उच्चस्तरीय बैठकले विदेशमा रहेका नेपाली श्रमिकहरूको सामाजिक सुरक्षा प्रणाली थप प्रभावकारी बनाउने उद्देश्यले नयाँ समझदारी पत्र (एमओयु) तयार गर्ने र सहकार्य विस्तार गर्ने निर्णय गरेको छ।

बैठकमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी र उपकार्यकारी निर्देशक कृष्ण अधिकारी तथा एनआरएनएका अध्यक्ष डा. हेमराज शर्मा, महासचिव डा. चिरञ्जीवी खड्का, युरोपका लागि उप-क्षेत्रीय महिला संयोजक राधा सिग्देल, ओसियनिया महिला क्षेत्रिय संयोजक सङ्गीता अधिकारी सुवेदी, पूर्व उपाध्यक्ष डी.बी. क्षेत्री, सीइओ राजेन्द्र कुमार राउत, बरिष्ठ अधिकृत कुनाल मिश्र लगायतका प्रतिनिधिहरू सहभागी थिए।

बैठकमा हाल एसएसएफमा २२ लाख नेपाली श्रमिक दर्ता भए पनि निरन्तर योगदान सीमित रहेको र धेरै श्रमिकले योगदान कायम गर्न नसकेको विषयमा गम्भीर छलफल भएको थियो। सहभागीहरूले प्रवासी श्रमिकहरूमा एसएसएफका फाइदाबारे व्यापक जागरण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन्।

बैठकले मध्यपूर्वमा रोड शो कार्यक्रम सञ्चालन गर्ने, नीति निर्माणमा सहकार्य गर्ने, श्रम अनुगमन प्रणाली मजबुत बनाउने र एनआरएनएका सदस्य विवरण साझेदारी गर्ने निर्णयसमेत गरेको छ।

यसैगरी एसएसएफका सुविधालाई युरोपेली संघ (ईयू) र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) सन्दर्भमा हस्तान्तरणयोग्य बनाउने, गन्तव्य देशमा एसएसएफ सम्झौता गर्ने, र द्विपक्षीय श्रम सम्झौतामा समावेश गर्ने नीतिगत प्रस्ताव पनि अघि सारेको छ।

यसका साथै, बैठकले दूतावास सम्बन्धी समस्या, विदेशमा अध्ययनरत विद्यार्थीहरूको सामाजिक सुरक्षा, म्यानपावर एजेन्सी सञ्चालन, भर्चुअल अभिमुखीकरण कार्यक्रम, विदेशी रोजगारी भुक्तानी संयन्त्र र बैंकमार्फत नेपालमा एसएसएफ रकम स्थानान्तरण जस्ता व्यवहारिक मुद्दाहरूकन सवषयमा पनि छलफल भएको थियो।

# बालबालिका संरक्षण र महिला सशक्तीकरणमा सहकार्यको प्रतिबद्धता



गैरआवासीय नेपाली संघ (एनआरएनए)का महिला उपाध्यक्ष राधिका गुरुङ (टिका)को नेतृत्वको प्रतिनिधिमण्डलले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सीता बादीसँग शिष्टाचार भेटघाट गरेको छ।

भेटका क्रममा संघले सडक बालबालिकाका लागि सञ्चालन गरिरहेको विभिन्न परियोजनाहरूको प्रगति तथा प्रभावबारे मन्त्री बादीलाई जानकारी गराएको थियो। उक्त परियोजनामार्फत सडकबाट उद्धार गरिएका ५० जना बालबालिकाको संरक्षण, शिक्षा तथा पुनर्स्थापनामा सहयोग उपलब्ध गराइएको जनाइएको छ।

यसैगरी, आगामी महिला विश्व सम्मेलनको तयारीबारे पनि मन्त्रीसमक्ष जानकारी प्रस्तुत गरिएको थियो। सम्मेलनलाई सफल बनाउन भइरहेको तयारी र अपेक्षित अन्तर्राष्ट्रिय सहभागिताबारे प्रतिनिधिमण्डलले आफ्नो योजना राखेको थियो।

भेटका क्रममा मन्त्री बादीले संघका गतिविधिहरूको प्रशंसा गर्दै सरकारका तर्फबाट आवश्यक सहयोग सधैं रहने प्रतिबद्धता व्यक्त गरिन। उनले विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हितमा गरिने कार्यक्रमहरूमा सहकार्यलाई अझ सुदृढ बनाइने बताइन।

भेटमा उपाध्यक्ष रोजिना प्रधान राई, महिला संयोजक रश्मि थापा, युरोप क्षेत्रीय महिला संयोजक राधा सिग्देल, एसिया-प्रशान्त क्षेत्रीय महिला संयोजक संगीता सुबेदी अधिकारी, प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत तथा वरिष्ठ अधिकृत कुनाल मिश्रको समेत उपस्थिति थियो।

# नवौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन हुँदै



नवौँ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन आगामी जेठ महिनाको दोस्रो साता अमेरिकाको कोलोराडोमा हुने भएको छ। आयोजक संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय समितिका अध्यक्ष सर्वज्ञ वाग्लेले नवौँ अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन मे २२ देखि २५ (जेठ ८-११) सम्म सञ्चालन हुने जानकारी दिएका छन् ।

अध्यक्ष वाग्लेले नेपाली भाषा, साहित्यको सम्बर्द्धन, संरक्षण र विश्वव्यापीकरणमा योगदान पुऱ्याउदै आएको अनेसासले डायस्पोराको युवा पुस्तालाई नेपाली भाषा र साहित्यसंग जोड्न विभिन्न गतिविधि र कार्यक्रम गर्दै आएको बताए। उनले भने, 'त्यसबाहेक अनेसासले सबै उमेर समूहका स्रष्टालाई एउटै थलोमा राखेर नेपाली भाषा र साहित्यको श्रीबृद्धिका लागि चिन्तन र विमर्श गर्न दुई दुई वर्षमा अन्तर्राष्ट्रिय सम्मेलन गर्दै आएको छ। यो सम्मेलन त्यसै सोचको निरन्तरता हो ।'

अनेसास बोर्ड अफ ट्रष्टि (बीओटी)का सभापति पदम विश्वकर्माले सम्मेलन आयोजनाका लागि झण्डै ५० हजार डलर खर्च हुने अनुमान गरिएको बताए। उनले सम्मेलन आयोजनाका लागि कोलोराडोको वेष्टमिनिष्टरस्थित होटल ड्ुरी इन प्लाजा चार दिनका लागि बुक गरिएको जानकारी दिए।

नेपाली र अंग्रेजी साहित्यका लेखकहरूको जमघट रहने सम्मेलनमा दुबै भाषाका स्रष्टाहरूका बीचमा साहित्यका विविध विषयमा छलफल हुने अनेसास बोर्ड अफ ट्रष्टिका सभापति विश्वकर्माले बताए। विश्वकर्माले सम्मेलनमा नेपालभित्र रहेका विभिन्न भेग र भाषाका स्रष्टाहरूको समेत सहभागिता रहने बताए।

'नेपाली भाषा र साहित्यसंगै विभिन्न जाती र समुदायको मातृभाषाप्रति हाम्रो उच्च सम्मान छ, तिनको जगेर्ना र विश्वव्यापीकरणमा अनेसासले जोड दिदै आएको छ,' उनले भने, 'भाषिक विविधता र त्यही विविधतामा हुर्किएको हाम्रो नेपाली समाज समाजको प्रतिबिम्ब सम्मेलनमा देख्न र महशुस गर्न पाईनेछ।' दुई वर्षमा आयोजना गरिने सम्मेलनको आठौँ श्रृंखला दुई वर्ष अघि युरोपको पोर्चुगलमा सम्पन्न भएको उनले जानकारी दिए।

अनेसासका महासचिव राजु सिटौलाले सम्मेलनमा विश्वका झण्डै ४० मुलुकबाट दुई सयभन्दा बढि साहित्यकारहरू सहभागी हुने अनुमान गरिएको बताए। सम्मेलनमा नेपालसहित विश्वका विभिन्न मुलुकमा रहेका साहित्यकारहरूलाई आमन्त्रण गरिएको जानकारी दिदै थुप्रै साहित्यकारहरूलाई सम्मेलनमा सहभागी हुने प्रतिबद्धता गरेको सिटौलाले सुनाए।

अनेसास केन्द्रीय समितिको आयोजनामा सञ्चालन हुने सम्मेलनको संयोजन अनेसास कोलोराडो च्याप्टरले गरिरहेको छ। अनेसास कोलोराडो च्याप्टर अध्यक्ष किरण अधिकारीले सम्मेलन आयोजनाका लागि मूल समितिसंगै विभिन्न नौ वटा उपसमिति गठन गरिएको जानकारी दिए।

चार दिनसम्म सञ्चालन हुने सम्मेलनमा तीन दिन साहित्यका विविध विषयमाथि विभिन्न सत्रहरूमा छलफल र बहस हुनेछ। आयोजकले अन्तिम तथा चौथो दिन सम्मेलनका सहभागीहरूलाई कोलोराडोका विभिन्न स्थानको पर्यटकीय र ऐतिहासिक क्षेत्रको भ्रमण गराउने कार्यक्रम तय गरिएको छ।

# डा. क्षेत्रीको अध्यक्षतामा 'नेपाल-बेलायत लेखक संघ' गठन



बेलायतका लागि पूर्व नेपाली राजदूत एवम् साहित्यकार डा. दुबसु क्षेत्रीको अध्यक्षतामा 'नेपाल-बेलायत लेखक संघ' (नेपाल-ब्रिटेन राइटर्स एसोसिएसन) औपचारिक रूपमा गठन भएको छ।

नेपाल र बेलायतबीच साहित्य, भाषा र संस्कृतिको आदानप्रदानलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको यस संघले दुई देशका साहित्यिक समुदायबीच सहकार्यको नयाँ ढोका खोल्ने विश्वास लिइएको छ।

संघले नेपाल र बेलायतबीच भाषिक, साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरूको आदानप्रदान गर्ने योजना अघि सारेको छ। यसका साथै, दुवै देशका भाषा र साहित्यका उत्कृष्ट कृतिहरूको अनुवाद तथा प्रकाशन, द्विपक्षीय साहित्यिक तथा सांस्कृतिक भ्रमण, साहित्यिक महोत्सव, अन्तरक्रिया र सम्मेलन आयोजना गर्ने लक्ष्य राखेको छ।

नवगठित संघको वरिष्ठ उपाध्यक्षमा सुरेशजंग शाह तथा उपाध्यक्षहरूमा डा. गोपाल पौड्याल, विमल भौकाजी, कृसु क्षेत्री र गोपीकृष्ण प्रसाईं, महासचिवमा वीरेन्द्र कुँवर, सचिवमा नगेन्द्रराज रेग्मी र बद्रीप्रसाद ढकाल तथा कोषाध्यक्षमा पुनम क्षेत्री चयन भएका छन्।

यस्तै सदस्यहरूमा तुलसीहरि कोइराला, मोहनवीर थापा, डा नवराज रिजाल, भेषराज घिमिरे, लक्ष्मी उप्रेती, सन्ध्या पहाडी, मणि लोहनी, भरत भारद्वाज, मनोज न्यौपाने, राजेशजंग शाह, नारद पौडेल, तारा सुवेदी, सुमन कार्की, भगवती बस्नेत, सुमन वर्षा, ललिता दोषी, विमला तुम्खेवा, भुवन मास्के, किशोर उप्रेती, भरत साउद, मेघेन्द्र विश्वकर्मा र युवक उप्रेती रहेका छन्।

नेपाल र नेपालीको परिचय, पहिचान तथा प्रतिष्ठा बढाउने प्राज्ञिक, बौद्धिक, साहित्यिक र सांस्कृतिक गतिविधिहरूमा संलग्न हुन पाउँदा आफू हर्षित रहेको डा. केसीको भनाइ थियो।

# मर्केन्टाइल र प्रभु बैंकबीच सम्झौता

## एसर ल्यापटप र एप्सन प्रिन्टर खरिदमा छुट



नेपालमा एसर ल्यापटप र एप्सन प्रिन्टरको आधिकारिक विक्रेता मर्केन्टाइल अफिस सिस्टम प्रा. लि. र प्रभु बैंक लिमिटेडबीच बैंकका ग्राहक तथा कर्मचारीहरूलाई मर्केन्टाइल अफिस सिस्टमको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

उक्त सम्झौतामा मर्केन्टाइल अफिस सिस्टमका तर्फबाट कार्यकारी निर्देशक सूरज क्षेत्री र प्रभु बैंकका तर्फबाट मार्केटिङ्ग म्यानेजर सबिन शमशेर ज.ब.रा राणाले हस्ताक्षर गरेका हुन् ।

सम्झौता अनुसार एसर ल्यापटप र एप्सन प्रिन्टर खरिदमा प्रभु बैंकका कर्मचारीलाई १८% सम्म तथा ग्राहकहरूले अधिकतम ८% देखि १५% सम्म छुट पाउने भएका छन । यस्तै क्रेडिट कार्ड प्रयोगकर्ताहरूले इन्स्टापेबाट किस्ताबन्धी सुविधा पनि पाउने भएका छन । सो छुट सेवासुविधा नेपालमा एसर ल्यापटप र एप्सन प्रिन्टरको आधिकारिक विक्रेता मर्केन्टाइल अफिस सिस्टममा प्राप्त गर्न सकिनेछ ।

नेपालभर रहेका ३१२ शाखा कार्यालयहरू, २८५ एटीएम साथै ६८ एक्सटेन्सन काउन्टर मार्फत करिब ३६ लाख भन्दा बढि ग्राहकहरूलाई 'बिश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रदान गरिरहेको प्रभु बैंकले गुणस्तरीय सेवा प्रवाह गर्दै अघि बढिरहेको छ ।

# नवनियुक्त डेपुटी गभर्नर पण्डितले लिए शपथ

नेपाल राष्ट्र बैंकका नवनियुक्त डेपुटी गभर्नर किरण पण्डितले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनले गभर्नर डा. विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

पण्डितले डेपुटी गभर्नरका रुपमा ५ वर्ष काम गर्नेछन् । उनी राष्ट्र बैंकमा प्रवेश गरेको २० वर्षमै डेपुटी गभर्नर बनेका हुन् । मन्त्रिपरिषद्को बैठकले गभर्नरको सिफारिसमा पण्डितलाई डेपुटी गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

२०६२ माघ २ गते राष्ट्र बैंकको सेवामा प्रवेश गरेका पण्डित २०६८ जेठ २७ गते उपनिर्देशक, २०७४ असार २७ गते निर्देशक र २०८१ फागुन १ गते कार्यकारी निर्देशकमा बढुवा भएका थिए । कार्यकारी निर्देशकमा बढुवा भएपछि भुक्तानी प्रणाली विभागको नेतृत्व गरेका पण्डित पछिल्लो समय विदेशी विनिमय व्यवस्थापन विभाग प्रमुख थिए ।

त्यसअघि उनले विभिन्न तहमा रहँदा बैंक सुपरीवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, मानव संशाधन विभाग, मुद्रा व्यवस्थापन विभाग, गभर्नरको कार्यालय, वित्तीय समावेशिता र उपभोक्ता संरक्षण महाशाखामा काम गरेका थिए । नवनियुक्त डेपुटी गभर्नर पण्डितले शपथसँगै जिम्मेवारी सम्हालेका छन् ।


व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकाले घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं । साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरक परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

'कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर'
**टोखा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**मैजुहिटी, काठमाडौं, फोन: ०१-४९८५०१३**



# इमानसँग अर्थमन्त्री : सञ्चार क्षेत्रसँग सहकार्य गरेर आर्थिक नीति अघि बढाइने

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आम नागरिकको सामाजिक जीवनस्तरमा सुधार ल्याउने गरी आगामी बजेट केन्द्रित गरिने बताएका छन् ।

इकोनोमिक मिडिया एसोसिएसन नेपाल (इमान) का प्रतिनिधिमण्डलसँग भएको छलफलमा उनले उद्यमशीलताको प्रवर्द्धन, स्वदेशी उत्पादन वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणमार्फत वर्तमान आर्थिक चुनौतीहरू सम्बोधन गरिने उल्लेख गरे ।

अर्थमन्त्री वाग्लेले पूँजी विकास, रोजगारी सिर्जना तथा बढ्दो मूल्यवृद्धि नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । उनले उद्यमशीलताको विकास र स्वदेशी उत्पादन वृद्धि मार्फत सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सञ्चार क्षेत्रसँग सहकार्य आवश्यक रहेको बताए ।

त्यस्तै, उनले मुलुकमा विद्यमान भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने उल्लेख गर्दै रोजगारी सिर्जनालाई सरकारको प्रमुख प्राथमिकतामा राखिएको जानकारी दिए ।

छलफलमा इमानको प्रतिनिधिमण्डलले सञ्चारमाध्यमहरूको समग्र विकासका लागि सरकारले सन्तुलित र समावेशी नीति अघि सार्नुपर्ने माग गरेको थियो ।

# नेपाल टेलिकमको नयाँ वर्षको अफर

नेपाल टेलिकमले नयाँ वर्ष २०८३ को अवसरमा प्रिपेड तथा पोस्टपेड मोबाइलका ग्राहकहरूलाई नयाँ वर्ष अफर २०८३ उपलब्ध गराउने भएको छ । अफरअन्तर्गत न्यु इयर लाइट र न्यु इयर प्रिमियम गरी दुई प्रकारका प्याकेज उपलब्ध हुनेछ । न्यु इयर लाइटअन्तर्गत ४९९ रुपैयाँमा प्रतिदिन ५ जीबी डाटा उपलब्ध हुनेछ र ५ जीबीको लिमिट पूरा भए पछि पनि बाँकी समय २ एमबीपीएस स्पिडमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिनेछ ।

न्यु इयर प्रिमियमअन्तर्गत ६९९ रुपैयाँमा प्रतिदिन १० जीबी डाटा उपलब्ध हुनेछ र १० जीबीको लिमिट पूरा भएपछि पनि बाँकी समय ३ एमबीपीएस स्पिडमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिनेछ ।

दुवै प्याकेज चलाउन सकिने समयावधि ३० दिनको हुनेछ । २०८३ वैशाख २ गतेसम्म अफरअन्तर्गतको प्याकेज खरिद गर्न सकिनेछ । पोस्टपेड मोबाइल प्रयोगकर्ताहरूले लिएको प्याकेजको शुल्क मासिक रेन्टल चार्जमै समावेश हुने टेलिकमले जनाएको छ ।

नयाँ वर्ष २०८३ अफर प्राप्त गर्नका लागि मोबाइलबाट स्टार १४१५ स्टार ११ ह्याच डायल गर्न सकिनेछ ।




# नयाँ उद्देश्यका साथ अघि बढ्दै 'नबिल बैंक'

नबिल बैंक लिमिटेडले नयाँ वर्ष २०८३ को सुरुवातसँगै चार दशकदेखिका आफ्ना लक्ष्य, उद्देश्य र मूल्यमान्यतालाई पुनःपरिभाषित गरेको छ। यी पुनःपरिभाषित उद्देश्यले विश्वास, उत्थानशीलता र तयारीप्रति बैंकको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको बैंकले जनाएको छ। बैंकले 'नेपालको सबैभन्दा विश्वासिलो एवम् भरपर्दो र भविष्यका लागि तयार बैंक बन्ने' उद्देश्य लिएको छ।

'विश्वस्तरीय नेपाली बैंक बन्ने ध्येयका साथ, उद्देश्यबाट प्रेरित, विश्वास, अनुशासन र अनुपालनमा आधारित, नवीनताद्वारा सञ्चालित, सुशासन, वातावरणीय, सामाजिक र प्रशासनिक दायित्वले निर्देशित र भविष्यका लागि तयार नेतृत्वको सिर्जना गर्दै, सेवाग्राहीलाई प्राथमिकता दिँदै उत्कृष्टता प्रदान गर्न प्रतिबद्ध,' बैंकको पुनःपरिभाषित लक्ष्य रहेको छ।

बैंकिङ प्रणाली द्रुत गतिमा परिवर्तन भइरहेको समयमा दीर्घकालीन मार्गचित्रको आवश्यकता महसुस गर्दै बैंक रूपान्तरणको बाटोमा अग्रसर भएको बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले बताए। 'सेवाग्राही केन्द्रित विश्वस्तरको नेपाली बैंक बन्ने उद्देश्यका साथ हामीले बैंकको उद्देश्य, लक्ष्य र मूल्यमान्यतालाई पुनःपरिभाषित गरेका छौं,' ज्ञवालीले भने।




रूपान्तरित मूल्यमान्यतामा सेवाको उत्कृष्टतालाई मानकका रूपमा लिएको बताउँदै उनले भने, 'डिजिटल माध्यमलाई प्राथमिकता दिँदै, मानव स्रोत र नेतृत्व विकासमा निरन्तर लगानी गर्दै जवाफदेहिता र सहकार्यको बलियो संस्कृतिलाई बढावा दिनेछौं।'

बैंकले आफ्ना मूल्यमान्यतालाई पाँच 'टी'का स्तम्भमार्फत अभिव्यक्त गरेको छ- विश्वास, पारदर्शिता, प्रतिभा, प्रविधि र रुपान्तरण। यी मूल्यमान्यता पञ्चतत्व दर्शनमा आधारित भएको उल्लेख गर्दै बैंकले धरतीले विश्वासलाई, पानीले पारदर्शितालाई, आगोले प्रतिभालाई, वायुले प्रविधिलाई र आकाशले रूपान्तरणलाई प्रतिनिधित्व गरेको बताएको छ। यी तत्व मिलेर बैंकको संस्कृति, निर्णय प्रक्रिया र दीर्घकालीन विकासलाई निर्देशित गर्ने सन्तुलित र एकीकृत संरचना प्रदान गर्ने बैंकले विश्वास लिएको छ।

ग्राहकको बदलिँदो अपेक्षा, डिजिटल प्रविधिको विकास, कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स)को बढ्दो भूमिका, दिगोपनालगायत आवश्यकताका आधारमा आफूलाई परिमार्जित गर्न लागेको बैंकको भनाइ छ। गुणस्तरीय बैंकिङ सेवामा सबै पुस्तालाई समेट्ने उद्देश्यका साथ बैंकले आफ्नो स्लोगनलाई 'सधैं सँगै अघि' बनाएको छ।

उत्थानशीलता, प्रशासनिक अनुशासन र न्यायसंगत विकास आफ्नो प्रतिबद्धता रहेको जनाउँदै बैंकले आफ्ना सेवाग्राही, सरोकारवाला र बृहत्तर समुदायप्रतिको जिम्मेवारी रहेको पनि जनाएको छ।

नबिल बैंकले देशभर २६८ शाखा सञ्जालसहित ३१८ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। बैंकले २५ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आफ्ना सबै सरोकारवालासँग मिलेर सधैं सँगै अघि बढ्ने विश्वास राखेको छ।

# कृषि विकास बैंक र सम्सारा रेमिटबीच रेमिट्यान्स सम्झौता

कृषि विकास बैंक लिमिटेड र सम्सारा रेमिट प्रालिबीच रेमिट्यान्स कारोबार साझेदारीसम्बन्धी सम्झौता सम्पन्न भएको छ। सम्झौतामा बैंकका उपमहाप्रबन्धक सुशील हुँमागाईं र सम्सारा रेमिटका कार्यकारी उपाध्यक्ष जीवनबाबु श्रेष्ठले हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार अब विदेशबाट पठाइने रेमिट्यान्स रकम कृषि विकास बैंकको देशव्यापी शाखा सञ्जालमार्फत दुर्गम तथा ग्रामीण क्षेत्रसम्म सम्सारा रेमिटमार्फत सहज रूपमा भुक्तानी गर्न सकिनेछ। यसले रेमिट्यान्स कारोबार विस्तार हुनुका साथै ग्राहकलाई छिटो, सुरक्षित र भरपर्दो सेवा उपलब्ध गराउने अपेक्षा गरिएको छ।

रियल टाइम एपीआई प्रणालीमा आधारित सेवा तथा सम्सारा रेमिटको व्यापक एजेन्ट सञ्जालसहितको सहकार्यले बैंकका ग्राहक तथा दुर्गम एवं ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनसमुदायमा व्यवसाय विस्तार, कारोबार वृद्धि र आम्दानीमा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ।

सो अवसरमा बैंकका मार्केटिङ तथा सेल्स विभागका विभागीय प्रमुख बीना शर्मा, व्यवसाय अधिकृत मणिराज ढुंगाना तथा सम्सारा रेमिटका वित्तीय प्रमुख राजीव पोखरेल र वरिष्ठ शाखा प्रमुख आलोक जोशीको समेत उपस्थिति रहेको थियो।

# सिटिजन्स बैंकको 'डिजिटल मन्थ उत्सव'मा वैशाखभर ग्राहकलाई छुटैछुट




१९ औं वार्षिकोत्सवका अवसरमा सिटिजन्स बैंकले 'डिजिटल मन्थ उत्सव-१९ औं वार्षिकोत्सव क्याम्पेन २०८३' नाराका साथ वैशाख १ गतेबाट वैशाख ३१ गतेसम्म भव्य रुपमा मनाउने भएको छ।

वैशाख महिनाभर सञ्चालन हुने यस छुट अवसरमा बैंकले विभिन्न कार्यक्रमहरूका साथ आफ्ना ग्राहकहरूलाई पनि विभिन्न सेवा सुविधामा विशेष छुट प्रदान गर्नेछ। यस अवधिमा बैंकका ग्राहकहरूले आफ्नो निष्कृय डेबिट कार्डलाई पस वा ई-कर्मस ट्रान्जेसनमार्फत सक्रिय गराएमा कारोबार रकमको १९ प्रतिशत वा अधिकतम् १९० रुपैयाँ क्यासब्याक, मोबाइल बैंकिङ अथवा डिजी बैंकमार्फत ई-कम कार्ड अनुरोध गरेमा जारी शुल्कमा ५० प्रतिशत छुट पाउनेछन।

यस्तै निष्कृय व्यवसायिक क्यूआर भएका ग्राहकहरूले आफनो क्यूआर सक्रिय गराएमा कारोबार रकमको १९ प्रतिशत वा अधिकतम् १९० रुपैयाँ क्यासब्याक, होटल तथा रेष्टुरेन्टहरूमा पस मेशिन जडान गर्दा कारोबार शुल्कमा निश्चित प्रतिशत छुट, मोबाइल बैंकिङ अथवा डिजी बैंकमार्फत लकर सुविधा अनुरोध गरेमा वार्षिक शुल्कमा ५० प्रतिशत छुट, पारिवारिक सदस्यहरूको नयाँ खाता रिफेर गरेमा प्रतिखाता १०० रुपैयाँ क्यासब्याक, मोबाइल बैंकिङमार्फत अन्तर्राष्ट्रिय रेमिट्यान्सको रकम भुक्तानी लिएमा २०० रुपैयाँ क्यासब्याक जस्ता सुविधाहरू प्रदान गर्नेछ।

यी सबै कार्यक्रमहरू बैंकले आफ्नो वार्षिकोत्सवलाई थप उत्साहपूर्ण बनाउन र डिजिटल कारोवार थप प्रवर्द्धन गर्ने उद्देश्यले ल्याएको हो। यससँगै सिटिजन्स फोनेपे क्रेडिट कार्डमा डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न पहिलो वर्षको शुल्कमा ५० प्रतिशत छुट अफर समेत घोषणा गरेको छ।

सिटिजन्स बैंक इन्टरनेसनलले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा एटिएम, ३ विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ इकाइहरूबाट २० लाख ११ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



नयाँ वर्ष २०८३ को शुभकामना

SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# एनसेल प्रयोगकर्तालाई हिमालयन जाभा कफीको प्रत्येक चुस्कीमा छुट

बिहानीको कफी होस् वा व्यावसायिक बैठक अनि जमघट वा साँझको आराम, अब कफीको प्रत्येक चुस्कीले एनसेल ग्राहकहरूलाई अझ धेरै नजिक ल्याउनेछ। एनसेल र हिमालयन जाभा कफीबीचको सहकार्यमा नयाँ वर्ष २०८३ देखि सुरु भएको विशेष अफरअन्तर्गत एनसेल ग्राहकहरूले देशभरका सबै हिमालयन जाभा कफी आउटलेटमा प्रिमियम कफी, पेय पदार्थ र खानेकुरामा विशेष छुट पाउन सक्ने भएका छन्।

हालै मात्र एनसेल र हिमालयन जाभा कफीबीच यो साझेदारीका लागि सम्झौता भएको छ। यो साझेदारीले ग्राहकहरूको भेटघाट, बैठक र जमघटलाई थप रमाइलो र अर्थपूर्ण बनाउनेछ। रु. ४९९ वा सोभन्दा माथिका योग्य प्याक प्रयोग गर्ने सबै ग्राहकहरूले एक कफ कफी खरिद गर्दा अर्को एक कप निःशुल्क प्राप्त गर्ने छन्। त्यति मात्रै होइन तेस्रो कप कफी खरिदमा उनीहरूले ३० प्रतिशत छुट प्राप्त गर्ने छन्।

त्यसै गरी २५ वर्ष वा सोभन्दा कम उमेरका युवा तथा एनसेल प्रयोग गर्ने पर्यटकहरूले रु. ९९ वा सोभन्दा माथिको योग्य प्याक प्रयोग गर्दा सबै किसिमका खानेकुरा तथा पेय पदार्थमा २० प्रतिशत छुट पाउनेछन्। यसबाहेक रु. ९९ वा सोभन्दा माथिको प्याक चलाउँदै गरेका वा रेन्टल प्लानमा सक्रिय रहेका सबै एनसेल प्रयोगकर्ताले हिमालयन जाभाका खानेकुरा तथा पेय पदार्थहरूमा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्।

यो छुट अफरबारे आफ्नो उत्साह साट्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने, "सम्बन्धहरूलाई राम्रा अनुभवहरूका साथ झन् प्रगाढ बनाउनुपर्छ भन्नेमा हामी विश्वास गर्दछौं। हिमालयन जाभा कफीसँगको यो साझेदारीमार्फत हामीले हाम्रा ग्राहकहरूलाई व्यस्त दैनिकीबाट केही समय निकाल्न, एक अर्कासँग जोडिन अनि जीवनका साना-साना खुसीहरू साट्न थप कारण दिइरहेका छौं। यो अफरले कफीको हरेक कपलाई अझ अर्थपूर्ण बनाँउछ।"

यो अफर उपयोग गर्न निकै सहज छ।




कुनै पनि किसिमको दर्ता प्रक्रियाको झन्झट ग्राहकहरूले लिन पर्दैन। मात्र एनसेलको सक्रिय योग्य प्याक वा रेन्टल प्लान भएको हुनुपर्छ। छुट प्राप्त गर्नका लागि ग्राहकले एनसेल एपमा गएर 'पार्टनर्ड सर्भिसेस्' भित्र रहेको 'हिमालयन जाभा कफी' छानेर छुट अफरका लागि आफ्नो व्यक्तिगत योग्यता हेर्न सक्छन्। एउटा बिलमा एउटा मात्र छुट लागू हुन्छ र ग्राहकको योग्यताका आधारमा उपलब्ध सबैभन्दा धेरै छुट स्वतः लागू हुन्छ।

"एनसेलसँगको यो साझेदारीमा नेपालभरका कफी प्रेमीहरूलाई रोमाञ्चक अफरहरू ल्याउन पाउँदा हामी निकै उत्साहित छौं। हिमालयन जाभाको प्रिमियम कफी प्रतिको लगाव र एनसेलको अर्थपूर्ण सम्बन्ध निर्माण गर्ने प्रतिबद्धतालाई यो सहकार्यले बढवा दिएको छ," हिमालयन जाभा कफीका संस्थापक आनन्द गुरुङले भने।

यो योजनाको लाभ लिन ग्राहकले अर्डर दिने बेला एनसेल एपको 'लाइभ' स्क्रिन हिमालयन जाभाका कर्मचारीहरूलाई देखाउन पर्छ, स्क्रीनसट मान्य हुँदैन। प्याक सक्रिय रहेको अवधिभर यो अफरको फाइदा पटक-पटक लिन सकिन्छ।

यो सहकार्यले ग्राहकहरूलाई आफूले चलाउँदै आएको प्लानमा कुनै परिवर्तन नगरी थप सुविधा उपलब्ध गराएको छ। योजनाको बारेमा थप विवरण र तथा लागू हुने सर्तहरू एनसेलको वेबसाइट वा एनसेल एपबाट प्राप्त गर्न सकिन्छ।

नयाँ वर्ष २०८३
शुभकामना
नयाँ वर्ष २०८३ को पावन अवसरमा हाम्रा सेयर सदस्य, ग्राहक तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना।
**लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँ बानेश्वर, काठमाडौं, फोन : ४४८४३६०

# सेतो गम्छा

**जनकपुर पुगेपछि सेतो गम्छा माईलाई दिएर भने– 'ललनकी माई अब योभन्दा गम्छा राम्रोसँग धोएर राख्नु। छोरा पुऱ्याउन एउटैले काम दियो। अझै नाति पुऱ्याउन जाँदा नि काम लाग्छ कि।' बूढाका कुरा सुनेर माईका आँखा भरिए टिलपिल–टिलपिल।**



युवराज नयाँघरे

किसन कन्हैया हिजो बेलुका काठमाडौँ आए।

आँखामा निन्द्रा राम्रोसँग परेको छैन। एकातिर छोराले घर छोडेर परदेश लाग्न लागेको पीर। अर्कोतिर छोराले कमाएर यो ब्याज र साँवा तिर्न सक्ला-नसक्ला भन्ने पीर।

उनी राता आँखामा विमानस्थलको पेटीमा बसेका छन्।

तीन वर्षअघि उनले जेठो छोरालाई दुबई पठाएथे।

यही विमानस्थलबाट छोरो पठाएर घाँटीको सेतो गम्छाले मुख पुछेथे।

जनकपुर देहाती गाउँमा जन्मेका उनका चार भाइ सबै जाँगरिला र मिहिनेती थिए। किसनलाई सबैले भन्थे- 'छोराहरू जम्मै फुर्तिला छन्। तिम्रा दुःखहरू यिनले चुट्की बजाएर भगाउँछन्।'

किसन मुसुमुसु हाँस्थे र मनमनै कुरा खेलाउँथे - 'किस्मतको कुरा हो। कल्लाई के थाहा छ र ?'

लखनलाई विमानस्थलमा विदा गर्दा उनलाई निकै गाऱ्हो भएको थियो। गाउँबाट उनी साइकल डोऱ्याएर मुरली चोक आइपुगे।

राघवेन्द्रले भनेका थिए- 'तिम्रो छोरो त विदेश जाने भएछ। एकबिरा पान खाऊ। उसलाई मेरो तरफबाट एक गिलास लस्सी खुवाऊ।'

लखनले दुई गिलास लस्सी खाए। गर्मी धेरै थियो।

किसनले छोरालाई सम्झाएका थिए- 'यो गर्मी त के हो र ? केही पनि हैन। अब खास गर्मीसँग भेटघाट हुन्छ। नआत्तिकन काम गर्नु।'

छोरालाई अरु कुरा सम्झाउँदै उनले सेतो गम्छाले मुख पुछेका थिए। अर्को दिन उनीहरू काठमाडौँ पुगेका थिए। काठमाडौँमा पनि निकै चर्को गर्मी लाग्यो किसनलाई। विमानस्थलमा अरु धेरै केटाहरू विदेश जाने लाइनमा थिए। उनीहरू मन बुझाइरहेका थिए।

'आखिर मेरो मात्रै छोरो विदेशिएको होइन रहेछ।'

अर्को मनले भन्थ्यो- 'अरुहरू त पढेका छन्। सुख पाउलान्। सजिलो काम पाउलान्। चाँडै धन पनि कमाउलान्। तर मेरो लखनले जम्मा नौ क्लास पढेको छ।'

'लखनले दुःख पायो भने उसकी माई रुन्छे। उसका अरु भाइहरू रुन्छन्। मेरो मन पनि त अँध्यारो हुन्छ।'

किसनका मनमा धेरै कुराहरू खेलिरहेथे। आफैँले आफैँलाई उनी सम्झाइरहेका थिए।

त्यही दिनको राति उनी जनकपुर फर्के। काँधको सेतो गम्छा अलिक मैलो भएको थियो। पसिना पुछ्ता पुछ्ता अलिक गन्हाउने पनि भएको थियो।

छ महिनासम्म लखनकी आमाको मुख अँध्यारो भयो। तर छोराले बिस्तारै पैसा पठाएको र हाँस्न थालेको गाउँलेहरूले चर्चा गर्छन्।

ठीक एक वर्ष पूरा भएपछि किसनले एकदिन सुने- माइलो छोरो टप्पु पनि कतार जाने कुरो गर्दै छ रे।

'छोराले आफैँ नभनेसम्म म उसलाई सोध्धै सोध्धिनँ'- किसनले मनमनै निर्णय गरे।

शनिवारको दिन टप्पु र उसकी माई बजार गएका थिए। साँझमा आमा-छोरासँग भेट भयो किसनको।

टप्पु आफैले कुरा झिक्यो- 'बा, म कतार जाने भएँ। दाइको एजेन्टलाई हाम्रोबारे सबै थाहा रहेछ। लखन दाइले त्यही कम्पनीसँग आऊ भनेका छन्। म जाँदा दाइलाई पनि सजिलो हुन्छ। मैले जाने निर्णय गरैँ अब।'

छोराका कुरा लखनले ध्यान दिएर सुने।

अनि सोधे- 'तेरी माईको विचार के रहेछ नि ?'

'उसले जा भनी त ?'

अर्को प्रश्न पनि गरे किसनले।

एकछिन अकमकिए पनि भन्यो- 'आमाले जा नै त भनेकी छैनन्। तर पनि म जानै पर्छ। आमाको मनले नभने पनि मुखले जा भनेको मैले बुझेको छु।'

'टप्पु कसरी बुझ्यौ त ?'

किसनले सोधे।

'घरको दःख तपाईंलाई थाहै छ। त्यै दुःख मेटाउन पनि म जानै पर्छ। म गएर पनि खर्च पठाउँछु नि।'

टप्पुका कुरा निकै बुझ्झकी लाग्यो। किसनले मनमनै कुरा खेलाए- 'सानै लाग्थ्यो, तर घरको

समस्या जान्ने र हल गर्ने भइसकेछ।'

'ठिक छ, छोरा जाओस्। हाम्रो दुःख मेटोस्।'

उनका मनमा कुरा खेल्दै थिए- 'दुई-चार दिन मन खल्लो हुन्छ। तर त्यो पनि बिस्तारै कम हुन्छ। समयले बनाएको घाउ, समयले नै निको पार्छ नि।'

टप्पुसँग कुरा भएको एक महिनापछि किसन र छोरा टप्पु काठमाडौँ आए। एक हप्ताजस्तो लाग्यो- धेरै थरी कागज मिलाउन।

बल्लतल्ल होलीको दिनमा छोरो टप्पु उड्ने भयो। माईले भनेको सम्झेर टप्पुले बाबुलाई सम्झायो- 'म उड्ने दिन राम्रो रहेछ। माईले भनेको, हाम्रो माइलो छोरा विदेश उड्दा सबैले मानेर रंगीबिरंगी अबीर छर्केको रे।'

किसन खुशी भए।

भने- 'तेरी आमाको आशीर्वाद लिएर जानु। सबै ठीक हुन्छ।'

रातिको उडान रहेछ। टप्पुलाई लिएर किसन विमानस्थल पुगे। अरु धेरैजना थिए।

छोरो भित्र पसेपछि उसले हात हल्लाएको देखिन छोड्यो। किसनले यसो पल्लो कुनामा गएर हेरे- टप्पु भीडमा हराइसकेको थियो।

उनी पेटीमा बसेर काँधको गम्छाले मुख पुछ्न थाले। ओहो कति धेरै पसिना आएको रहेछ अनुहारभरि। त्यही सेतो गम्छाले मुख पटक-पटक पुछेर जहाज उडेको सुनिरहे।

'अब छोरो उड्यो। म पनि गाउँ फर्किनु पर्छ।'

उनी अर्को दिन गाउँ फर्किए,

माईले भनिन्- 'बूढा, छोरा उता पुग्दा दाइको घर उज्यालो भयो होला। तर यता त धेरै दिनसम्म अँध्यारो भइरहने भयो।'

किसनले भने- 'यो गम्छा धोइदेऊ टप्पुकी माई।'

ठीक डेढ महिनापछि गाउँबाट थुप्रै केटाहरू काम गर्न भारततिर लागे। किसनको साइँलो छोरा भोला घरबाट एक हप्ता हरायो।

'ए लखनकी माइ, कता गयो छोरो। देखा पर्दैन त। घरमा छ कि त्यो पनि काम गर्न सीमा पारितिर लाग्यो ?'

'तिमेरु त मलाई घरको हाल खबर केही पनि सुनाउँदैनौ त ?'

किसनले गनगन गरिरहे।

'लाठे भएको छोराको सबै कुरा मलाई के थाहा हुन्छ र। उसले मलाई पनि केही भन्दैन। तर त्यो इन्डिया गएर काम गर्ने खालको चैं होइन। पक्का केही राम्रै सोच्दै होला।'

माइले भनेको किसनले सुनिरहे।




'सबै छोराछोरीले आफ्नै बाटो बनाउँदा रहेछन्। थोरै मात्र बाबुले, आमाले बाटो बनाइदिऊन् र हिँडुला भन्ने सोच्दा रहेछन्। हाम्रो भोला पनि त्यस्तै पाराको छ।'

'भोलि आइपुग्छ घर भनेर खबर पठाएको रहेछ। उसको साथीको मामाले कोरियातिर केटा पठाउँछन् रे। त्यै बुझ्न गएको भन्ने मैले अनुमान गरेकी छु।'

माईले भनेको सुनिरहे किसनले।

मनमनै कुरा खेलाए- 'अब यो छोराले पनि घर छाड्ने संकेत मिल्यो। बरु कहिले जाने इरादा राखेको छ। बर्खामा पऱ्यो भने चैं गाऱ्हो हुन्छ।'

मनभरि एउटा बेग्लै छटपटी भयो किसनलाई।

हिजो बेलुकी भोलाले एउटा मोटो कागज बुबालाई देखाएर भन्यो- 'मेरो कोरिया जाने सबै रिपोर्ट हो।'

किसनले कुरा सुनेर भने- 'खर्चबर्च कसरी मिलायौ त साइँला ?'

'मैले साथीहरूसँग मिलाएँ। एकवर्षसम्म घरमा पठाउन सक्दिनँ। त्यसपछि जे होला-होला।'

किसनले बोल्ने कुरा केही रहेन।

उनले यत्ति भने- 'आमाको आशीर्वाद त लिएर जान्छस् नि ?'

भोलाले टाउको हल्लायो। त्यही दिन झोला पोको पारियो।

'हाम्रा दाइहरूले खाली झोला बोकेर गए। मैले सुट्केस किनेको छु। फेरि दाइहरूको जस्तो देश पनि त हैन नि मेरो।'

भोलाले यसोभन्दा मन गरुँगो भयो किसनको।

शुक्रबार बाबु-छोरा काठमाडौँ गए। रात्रिबसले कोटेश्वरमा उतारिदियो। सिनामंगलमा बसेर अरु काम सके। आइतबार मध्यान्हमा विमानस्थल पुगे उनीहरू।

काँधको सेतो गम्छाले निधार पुछेर किसनले भने- 'बाको पसिनाको सम्झना गर्नु छोरा।'

भोलिपल्ट उनी गाउँ फर्के। माई बारीमा लौका टिप्दै थिइन्। उनीहरूले एक-अर्कालाई देखेर पनि, खुलेर बोल्न सकेनन्।

भोला गएको नौ महिना पछि कान्छो छोरा ललन पनि विदेश जाने भयो।

साउदीको साथीले सबै मिलाएछ। कम्पनी पनि राम्रो छ। मैले भोला दाइ जाने दिन नै सबै यताको नागरिकता र पासपोर्ट पठाएको थिएँ। साथीले मिलाएछ।'

कान्छो छोरो ललनले यसो भन्दा किसन झसंग भए एक पटक त।

वैशाखको दोस्रो साता उनीहरू काठमाडौँ आए। किसन धेरै ठाउँ चिन्ने भइसकेका थिए। ललन बरु त्यति थाहा पाउँदैनथ्यो।

दुई रात गौशलामा बसे बाबु-छोरा। एक बिहान त पशुपति मन्दिर पनि जान भ्याए उनीहरू।

मन्दिर वरपर राम्रोसँग घुमघाम गरे।

बुधबारको साँझपख विमानस्थलमा ललन र किसन पुगे। कान्छो छोराको अनुहार बाबु किसनले धेरै बेर हेरिरहे। अरु छोराहरू भन्दा पुरै फरक र अलिक अन्तर्मुखी स्वभावको थियो ललन।

खोई कस्तो पीरको गर्मी भयो किसनलाई।

उनले काँधको सेतो गम्छाले निधार, गाला र गर्धन पुछे। नाक डाँडी र हत्केला पनि पुछे। यो पटक अलिक बढी मन अध्याँरो भयो किसनको। कारण थियो- घरबाट छोराहरू विदेशिएका थिए।

जनकपुर पुगेपछि सेतो गम्छा माईलाई दिएर भने- 'ललनकी माई अब योभन्दा गम्छा राम्रोसँग धोएर राख्नु। छोरा पुऱ्याउन एउटैले काम दियो। अझै नाति पुऱ्याउन जाँदा नि काम लाग्छ कि।'

बूढाका कुरा सुनेर माईका आँखा भरिए टिलपिल-टिलपिल।

# भावि पुस्ताले सम्मानपूर्वक स्वीकार गर्ने कर्म गरौं

**बालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले सुरुमै ऐतिहासिक अन्यायप्रति आत्मालोचना गर्दै दलित समुदायसँग सम्मानपूर्वक माफी मागेको छ, र समानता, न्याय तथा गरिमामय जीवन सुनिश्चित गर्ने प्रतिबद्धतालाई अझ सुदृढ बनाएको सन्देश दिएको छ।**



शम्भु सुस्केरा

मुटु रोग विशेषज्ञ डा. भगवान कोइरालाले भन्नुभएको छ हामी आफ्ना लागि मात्र सोच्छौं र धेरै तनाव र चिन्ता आइलाग्छ। त्यसैले अरुका लागि पनि सोच्न थालौं यसो गर्दा आफ्नो विषयले आफूलाई तनाव दिंदैन। अरुका बारेमा सोच्न थालेपछि उनीहरूको बारेमा केही गर्ने प्रेरणा मिल्छ। जब अरुका लागि केही गर्न थालिन्छ अनि मनमा शान्ति मिल्छ र आनन्द आउँछ।

यत्ति गर्‍यौं भने हाम्रो मन मुटु पनि स्वस्थ्य हुन्छ। जब मन स्वस्थ्य हुन्छ तब शरीर पनि स्वस्थ्य हुन्छ। एक व्यक्ति स्वस्थ्य र सबल भयो भने सिङ्गै परिवार, समाज र देश स्वस्थ्य र सबल हुन्छ।

उहाँको यो अनुभवीय सन्देश हो। अरुका बारेमा सोच्दा, अरुका लागि काम गर्दा मात्र शरीर र मन स्वस्थ्य हुन्छ भने किन नगर्ने।

तसर्थ उहाँकै अनुरोधलाई मानेर एउटा विषयमा चर्चा गर्छौं।

मान्छे कर्मले ठूलो कि जातले ? सम्पतिले ठूलो कि पदले ? विषय यसैलाई बनाऔं।

हुन त यो विषय अहिले भर्खरै सिर्जना गरिएको होइन। समाजमा चलिरहने सबैभन्दा ठूलो बहसको विषय हो। एक्काइसौं सताब्दीसम्म आइपुग्दा पनि बहस गरिरहने विषय थिएन यो। तर नेपाली समाजमा यही विषयमा अझै कति वर्ष बहस चल्छ भन्न सकिने अवस्था छैन। यो विषयको अन्त्य गरेर नयाँ विषय भित्र्याउने काम वर्तमान नेपाली समाजको हो।

तर दुर्भाग्य के भइरहेको छ भने आज पनि जित उही तर्कको भइरहेको छ जसले हार्नुपर्छ।

सम्पति, पद र जातले मानिस ठूलो हुने, बुझाइ र भोगाइ सर्वत्र छ देशमा। त्यही कारण हामी अरु देश भन्दा पछि छौं, गरिब छौं र भ्रष्ट छौं।

किन कि हामी नचाहिने विषयमा अल्झेका छौं। नगर्ने विषयमा बहस गरेर समय, श्रम र पुँजी खर्च गरेका छौं। त्यसैले अन्य विषयमा प्रवेश गर्न सकेका छैनौं।

तपाईको जात वा थर के हो ?

तपाई समाजले हेप्ने र पानी नचल्ने भनिएको कुनै जातको मानिस हो वा अरु कुनै उपल्लो भनिएको जातको।

तपाई आफू पानी चल्ने वा अरु कुनै उपल्लो जातको हुनुहुन्छ। आफू समाजले पानी नचल्ने भनिएको जातको भएको कल्पना गर्नु। र अरुको घरमा गएको, ढोकाबाट भित्र पस्न नदिएको वा पस्ने आँट नगरेको, कुनै मठ मन्दिरमा वा पार्टी भोजमा गएको र परैबाट कसैले ल्याएर खान दिएको, अरु सरह लाइनमा बसेर खान नपाएको नदिएको, यस्ता कैयन घटना आफूमाथि भएको कल्पना गर्नु।

कल्पना गर्नु भयो ? कस्तो लाग्यो ?

अब आफैंलाई प्रश्न गरौं। अहिले कल्पनामा आफू हेपिएको वा छुवाछुतमा परेको बेला कस्तो अनुभव भयो। कतै मैले अरुलाई पनि यसैगरी छुवाछुत भावले व्यवहार पो गरें कि ?

अब एकपटक कल्पना गरौं आफ्ना साना छोराछोरीलाई छिमेकीका छोराछोरी वा छिमेकीले यस्तै व्यवहार गरे कि ? त्यसबेला आफ्ना सन्तानले के महसुस गरे होला ?

अब सोचौं। आफूजस्तै मानिसलाई यस्तो हिन भावले बाँच्न बाध्य पारी अन्याय र विभेद गर्नु कति ठिक हो ?

ठिक होइन भने ठिक के हो ? र आफूले के गर्ने ?

के गर्ने भन्ने प्रश्नको जवाफ खोज्नु अघि जातको उचनिच, छुवाछुत किन गरियो यसको अन्तर्य हेरौं।

हुन त यसको सत्य सबैलाई थाहा छ।

कसैले आफूलाई लगाउने लुगा अरुभन्दा राम्रोगरी सिलायो होला, कसैले आफूलाई बस्ने छालाको मुडा मनपर्दो बनायो होला अनि कसैले भनिदियो तँसग यति राम्रो सिप रहेछ, अब यहि काम गर् आफूलाई पनि हुन्छ अरुलाई पनि हुन्छ। अरुका लागि पनि बनाइस् भने कमाई हुन थाल्छ र तेरो घर चल्छ।

एक समयमा कामको वर्गिकरण वा जिम्मेवारीबाट चलेको समाजले यसैलाई जातकोरुपमा ग्रहण गर्‍यो र उचनिच भावले एकअर्कालाई व्यवहार गर्न थाल्यो।

अनि व्यक्तिले आफूले जे राम्रोसँग गर्न जानेको छ त्यही गर्‍यो। यही कर्मलाई समाजले जात वा थरमा रुपान्तरण गरिदियो।

कामको प्रकृति, उत्पादन र बजारको अवस्थाले

मानिसको आर्थिक हैसियत फरक-फरक हुनथाल्यो । कामको प्रकृतिका आधारमा सरसफाइ व्यवस्थापनमा तलमाथि हुनथाल्यो । र यहिँबाट छिछि दुरदुर हुनथाल्यो ।

र आजको छुवाछुत र भेदभावको अवस्था सिर्जना भएको हो । यसरी उत्पन्न भएको नकारात्मक अभ्यासलाई आजको आधुनिक समयले सच्याएर जानुपर्थ्यो तर त्यसो हुन सकेको छैन । राज्यले कानुन बनाएर सच्याउन खोजेको छ । तर मानिसले मन र विवेकबाट सच्याउन खोजेको छैन ।

पुरानो पुस्ताको अन्त्यपछि यो स्वतः सच्चिन्छ भनिन्छ । यसमा धेरै सत्यता छ । तर पुरानो पुस्ताबाट यही विभेद नयाँ पुस्ताले पनि सिकेको देखिन्छ ।

पछि सच्चिन्छ भनेर आजको पढेलेखेका शिक्षित, आधुनिक, सभ्य मानिसले नसच्याए कसले सच्याउँला ?

जे छ ठिक छ भन्न त सकिन्न नी यस्ता अमानवीय अभ्यासलाई ।

खोटाङबाट आफन्तकोमा झापा आएका एकजना ब्राह्मण दाइसँग भेट भयो । यस्तै प्रसङ्ग चल्दा उहाँले एउटा प्राचीन कथा सुनाउनु भयो ।

कुनै समयमा एकजना व्यक्ति केही काम परेर आफ्नो सानो छोरोसहित छिमेकी गाउँमा गए । उसबेला पातला घर, थौरै जनसंख्या, बिहानभरि हिँडेपछि मात्रै एउटा गाउँबाट अर्को गाउँ पुगिने थियो ।

बिहानभरि हिँडेर कृषि औजार बनाउन विश्वकर्मा दाइकोमा गएका थिए उनी ।

विश्वकर्मा दाइकोमा ढिँडो खाने बेला भएको रहेछ । त्यो घरका केटाकेटी ढिँडो खाँदैथिए । आफूजस्तै साना मान्छेहरू ढिँडो खाइरहेको देखेर त्यो बाहुनको छोराले ए बा म पनि खान्छु भन्यो । तर कराहीमा ढिँडो थिएन । पकाएर खुवाउने पिठो पनि थिएन ।

आफ्नो छोरो सरहको सानो नानीलाई एकडल्लो ढिँडो खुवाउन नपाएकोमा विश्वकर्माकी श्रीमती दुःखी भइन् ।

बाहुनले आफ्नो छोरालाई सम्झाए ढिँडो सक्किएछ अब घरै गएर भात खाने ल छोरो भने ।

तर सानो छोरोले मानेन रुन थाल्यो । छोरोलाई कसरी सम्झाउने चिन्ताले थिचेको बेला फ्याट्टै एउटा बुद्धी आयो ।

यी मान्छेले छोएको खानु हुँदैन बिरामी परिन्छ । यसो भनिदिए र छोरोलाई घर फर्काएर ल्याए ।

त्यसपछि यसको सिको सबैले गरे । उनीहरूको गरिबीका कारण अरुले तिनकोमा नखाइदिउन भनेर उनीहरूको अन्न बचाउँन भनिदिए । कहिलेकाहिँ उनीहरू स्वयंले आफूलाई बचाउँन हामीले छोएको खानुहुँदैन भनेर अरुका बालबच्चालाई भनिदिए ।

एक युगमा एक अवस्थामा सामान्य समस्या समाधानका लागि अभ्यास गरिएको उपायले निरन्तरता पाएर आज छुवाछुत र बिभेदको रुप लिएको हो ।

ती दाइको कुरा सुनेर हो कि जस्तो पनि लाग्यो । हुन त यो एउटा कथा मात्र हुनसक्छ । र कथा मात्रै नभएर तत्कालीन समयको वास्तविकता पनि हुनसक्छ ।

जसरी सुकै होस् जातका रुपमा उचनिचको सोच र व्यवहार आधुनिक मानव सभ्यतामा लज्जाको विषय बन्नुपर्ने हो । तर बनेन । सामुन्ने केही नभने पनि पिठ पछाडि मानिसले आफ्नो जातीय उच्चता र अरुको निचता व्यक्त गरिहाल्छ ।

अब यहाँ अरुका लागि सोच्दा आनन्द आउने भगवान कोइरालाको कुरालाई यहाँ जोडौँ ।

जन्मेकै आधारमा समाजले जसलाई दलित बनाएको छ, जतिसुकै पवित्र मान्छे भए पनि निच र तुच्छ ठानेर पशुवत व्यवहार गरेको छ उसँग क्षमा मागौँ र आजैदेखि सबैले सम्मानपूर्वक व्यवहार गरौँ । हाम्रो व्यवहारबाट उसले महसुश गर्ने आत्मसम्मानले हामीलाई कति खुसी देला कल्पना गर्न सकिएला ?

गत फागुन २१ मा सम्पन्न निर्वाचनले आम मतदाताहरू परिवर्तनको पक्षमा उभिएको स्पष्ट सन्देश दिएको छ । पुराना तथा परम्परागत राजनैतिक शक्तिलाई पाठ सिकाउदै भर्खरै उदाउदै गरेको नयाँ राजनैतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले झण्डै २ तिहाई सिटसहित एकल सरकार गठनको जनमत दिएका छन ।

उक्त जनमतसँगै बालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले सुरुमै ऐतिहासिक अन्यायप्रति आत्मालोचना गर्दै दलित समुदायसँग सम्मानपूर्वक माफी मागेको छ, र समानता, न्याय तथा गरिमामय जीवन सुनिश्चित गर्ने प्रतिबद्धतालाई अझ सुदृढ बनाएको सन्देश दिएको छ ।

जब समाज जाति, लिङ्ग र वर्णभन्दा माथि उठेर एकअर्कालाई व्यवहार गर्न थाल्दछ प्रेमिल बन्दछ संसार । र एउटा नयाँ र सभ्य युगको सुरुवात हुनेछ । मानिस उच्च कोटीको मानवमा परिणत हुनेछ । एकापसमा भाइचारा, सद्भाव र सेवाभाव सुरु हुनेछ । यही नै हो समृद्ध सोच । समृद्ध सोच नभई आर्थिक र आत्मिक समृद्धी हासिल हुन सक्ला त ?

यसरी हामी सच्चिएका दिन स्वर्णिम अक्षरले युग चेतनाको इतिहास लेखिनेछ । र भावि पुस्ताले हामी र हामीले निर्माण गरेको सभ्यातामाथि गर्व गर्नेछ ।

हरेक कर्म यस्तो गरौँ कि भावि पुस्ताले सम्मानपूर्वक स्वीकार गरोस् ।

हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

टेकबहादुर पौडेल
अध्यक्ष
मदरल्याण्ड ओभरसिज प्रा.लि.
काठमाडौं, नेपाल

MOTHERLAND OVERSEAS

# 'मेरा सृजना राष्ट्रका सम्पत्ति हुन्'

**नवीन कार्की, गायक**

नवीन कार्की नेपाली गीत संगीतको क्षेत्रमा चर्चा कमाउदै गरेको नाम हो, उनको नेपाली गीत संगीतको क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ । उनले सुरुवाती दिनमा लोक गीत त्यस पछि आधुनिक गीतमा आफ्नो सुमधुर स्वर दिएका छन् । नवीनको परिचय गायकमा मात्र सिमित छैन, उनले आफ्नो जीवनकालमा आँफूलाई पर्यटन व्यवसायी देखि शिक्षासेवी, समाजसेवीको रुपमा चिनाएका छन् ।

२०३४ साल फाल्गुन २२ गते जफे-८, दोलखामा पिता डुण्डीराज कार्की र माता यम कुमारी कार्कीको कोखबाट जन्मेका नविन २०५७ सालदेखि गायन क्षेत्रमा प्रवेश गरेका हुन् । उनी आफ्नो सांगितिक जीवनको सुरुवातका दिनहरू सम्झँदै भन्छन् 'जीवन एउटा यात्रा हो, यो यात्रालाई डोर्‍याउने धेरै नै बाटाहरू छन् । आखिर जुन बाटोमा लागे पनि सफलता प्राप्त गर्न संकल्प र साधना चाहिन्छ । संकल्पलाई तवसम्म जारी राख्नु पर्छ जवसम्म लक्ष्यमा पुगिन्न, म सांगितिक क्षेत्रको शिखर चुम्ने यात्रामा अघि बढिरहेको छु ।'

बाल्यकालदेखि गीत गाउने, मादल बजाउने, विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिने नवीनले दोलखाको चनौटे प्रा.वि.मा कक्षा ४ सम्म अध्ययन गरे, वुवा प्रधानाध्यापक हुनु भएकोले उनको अध्ययन सहज भयो, घरबाट दुई घण्टा हिँडेर विद्यालय जाने आउने गरेका ती वालपनको सम्झना अझ पनि नवीनको स्मृतिमा ताजै रहेको छ । त्यसपछि मालुस्थित गोल्मेश्वर मा.वि.मा कक्षा ५ मा भर्ना भएका उनले कक्षा ७ सम्म सोही विद्यालयमा अध्ययन गरे, कक्षा ८ को अध्ययनको लागि उनी काठमाडौ आए, लैनचौर स्थित शान्ति विद्या गृह मा.वि.मा कक्षा १० सम्म अध्ययन गरेका उनले दोलखाको हावाँस्थित कालिका मा.वि.बाट २०५१ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । संगीतमा रुचि भएका उनले संगीतमा प्रमाणपत्र तह तथा प्राइभेट परीक्षा दिएर स्नातक तह सम्मको अध्ययन पुरा गरे । यसपछि गन्धर्व संगीत विद्यालय, दिल्लीबाट तीन वर्षको निरन्तर अध्ययन पछि वि. म्युज गरेका उनले गुरुदेव कामत, धन बहादुर गोपाली, प्रा.डा.वेनी जंगम संग अतिरिक्त संगीत शिक्षा हाँसिल गरे ।

प्रवेशिका परीक्षा दिए लगत्तै उनको समेत संलग्नतामा बलराम थापाको अध्यक्षतामा अभिमान कला साँस्कृतिक मञ्च नामक संस्था खोले, उक्त संस्थामा उनी सहसचिव थिए, उक्त संस्थाले वृहत सांगितिक तथा साँस्कृतिक कार्यक्रम आयोजना गर्‍यो । उक्त वृहत सांगितिक कार्यक्रममा उनले आफ्नै संगीतमा एकल गीत गाए, त्यो नै उनको जीवनको पहिलो स्टेज कार्यक्रम थियो । उनले गाएको गीतको धेरैले प्रशंसा गरे, त्यो प्रशंसाले उनलाई थप हौसला दियो ।



घरपरिवार, बलराम थापा, शक्ति बल्लभ, गुरुदेव कामत, भीम चापागाई, दिल्ली प्रसाद चापागाई, स्व.बद्रीभक्त श्रेष्ठ आदिको थप प्रेरणाले उनले आफ्नो सांगितिक यात्रालाई अघि बढाए । २०५६ सालमा उनले पहिलो लोकगीत एल्वम बजारमा ल्याए । 'लाउ माया चुनेर' नामक उनको एल्वममा त्यति बेलामा चर्चित लोक गायिका सूर्यकुमारी गुरुङ, वीमा कुमारी दुरा संग उनले आफ्नो स्वर दिए, उनको उक्त एल्वममा सजिएका गीतहरू रत्न बानियाको संकलन रहेको थियो । आफ्नो गाउँबाट पहिलो गीति एल्वम प्रकाशनमा ल्याएको भनेर तत्कालीन जफे गा.वि.स.ले उनलाई सम्मानित तथा पुरस्कृत समेत गरेको थियो । २०५८ सालमा उनले तुलसी बस्नेतको शब्द तथा सुशील विश्वकर्माको संगीतमा रेडियो नेपालमा गीत रेकर्ड गरे । त्यति बेला उनले विभिन्न एल्वमहरूमा समेत गरि झण्डै चालिसवटा गीत रेकर्ड गरे ।

आफ्नो सांगितिक यात्राको क्रममा नै भेटेका हुन् उनले रुपवती तथा शालिन नारी तारालाई । तिहारको सांगितिक कार्यक्रममा पहिलो देखभेट भएकी तारासंग उनको हेलमेल बढ्दै गयो, दुवैको मन मिल्यो, दुई वर्षसम्म उनीहरू एकअर्काको प्रेम सम्वन्धमा रहे, एकअर्कालाई नजिकबाट बुझे । त्यसपछि दुवै तर्फको पारिवारिक समझदारीमा उनीहरू बैवाहिक बन्धनमा बाँधिए, तिहारको झिलिमिलीमा भेटिएकी तारासंगको वैवाहिक बन्धनले उनको सिंगो जीवन नै झिलिमिली भएको छ, हाल उनीहरूका दुई सुपत्र अपिल र अभिश्रान्त रहेका छन् ।

युवा पुस्ताका उर्जावान गायक नवीन कार्कीद्धारा स्वरबद्ध गीति एल्बम 'नवीन' अलि अघि सार्वजनिक भएको हो । एल्बममा वरिष्ठ संगीतकार शक्ति बल्लभ, गुरुदेब कामत र राजनराज शिवाकाटीको कर्णप्रिय

संगीत र सिद्धहस्त गीतकारहरू रत्नशम्शेर थापा, ज्ञानुवाकर पौडेल, डा.राजुबाबु श्रेष्ठ, देबेन्द्र केसी देबु, रमेश दाहाल र पुष्करराज बुढाथोकीका ओजपूर्ण शब्द रचना समेटिएका छन् ।

जीवनयापनका लागि छुट्टै पेशा, व्यवसायमा लाग्नुपरे पनि आफ्नो मुलभूत आकांक्षा भनेकै गीत संगीत नै रहेको उनको भनाई छ । बिशेषतः दोलखाली भएकै कारण पनि बरिष्ठ संगीतकार शक्ति बल्लभसंगको सन्निकटताले पनि कार्कीलाई सांगीतिक यात्रामा लाग्न सहज मात्र भएको छैन सांगीतिक क्षेत्रमा शक्ति बल्लभले देखाएका सदाबहार र गोल्डेन टच मार्गलाई पछ्याउन समेत सक्षम भएका छन् । ५० को दशकबाटै गायन यात्रामा बिशेष रुपमा होमिएका कार्कीले एल्बम निकाल्न भने हतार गरेनन् । गायक नवीन गीत सङ्गीतको उन्नतिको लागि निरन्तर साधना गर्दै र गायनलाई निरन्तरता दिँदै जाने प्रतिवद्धता व्यक्त गर्छन् । आफ्ना संगीत सिर्जना निजी नभई राष्ट्रको सम्पत्तिका रूपमा स्वीकार्न समेत सबैमा उनको आग्रह रहेको छ ।

पुर्व संचारमन्त्री पार्वत गुरुङ उनको गीति एल्बम 'नवीन' मा समेटिएका गीत कर्णप्रिय रहेको बताउँछन् । उनले भने 'गीत मैले सुनेँ, कर्णप्रिय लाग्यो, शब्द र संगीत उत्तिकै सशक्त रहेको पाएँ । स्वर त्यत्तिकै राम्रो रहेछ । मायाप्रीतिका गीतदेखि राष्ट्रियताले ओतप्रोत गीत  एल्बममा समेटिएका रहेछन् । गायक नवीनलाई बधाई दिन चाहन्छु ।' पुर्वमन्त्री गुरुङ्गले गायक कार्कीसँग आफ्नो पुरानो चिनारी रहेको बताउँदै उनको गायन कलामा उर्जा देखिएको उल्लेख गरे । उनले कार्कीको गायन यात्राको निरन्तरताको कामना गर्दै कार्कीको संगितिक यात्राले नेपाली संगीतिक दुनियाँमा छुट्टै छाप छोड्न सफल होस् भन्ने शुभकामना ब्यक्त गरे ।

लोक, आधुनिक, गजल, राष्ट्रिय सवै प्रकारका गीत गाउन उत्तिकै माहिर नबिनले हालसम्म एक सयभन्दा गीतमा स्वर दिएका छन् भने तीन वटा गीति 'एल्बम' आइसकेका छन् । उनको स्वरमा सजिएको 'लाऊ माया चुनेर...', 'महलमा राज होला तिम्रो...', 'तिमीलाई रोजेँ...', 'सागरले मोती पायो...', 'पानी मिठो कुवाको नानी...', 'फूली सक्यो लाली गुँरास...'जस्ता दर्जनौ  गीत आम श्रोता-दर्शकको मनमस्तिष्कमा ताजै छन् । उनले २०७७/७८ मा ८ वटा गीत समावेश 'नबिन-१' र त्यसको २ वर्षपछि ७ गीत समाविष्ट 'नबिन-२' को स्वाद श्रोता/दर्शकलाई चखाइसकेका छन् भने अब चाडै नै 'नबिन-३' ल्याउने तयारी छन जसमा ५,६ वटा गीत समावेश रहनेछन् । 'जेष्ठ नागरिकप्रति समर्पित 'नबिन-३' ले पनि श्रोता/दर्शकको माया पक्कै पाउनेछ ।'

गुरुदेव कामत, शक्ति बल्लभ, डा. कृष्णहरि बराल, ज्ञानुवाकर पौडेल, खड्ग गन्धर्व, सुशील विश्वकर्मा, शम्भु भट्ट, राजनराज शिवाकोटी, रिमेश थापा, राजुबाबु श्रेष्ठ, देवेन्द्र केसी 'देबु', पुष्करराज बुढाथोकी, रमेश दहाल, भोला पौडेल आदिका शब्द तथा संगीतमा आफ्नो सुमधुर स्वर दिएका नविन बालकदेखि वृद्धासम्म, विपन्नदेखि सम्पन्नसम्म, गाउँदेखि सहरसम्म, जनजातिदेखि गैरजनजातिसम्म अनि स्वदेशीदेखि विदेशीसम्म हरेक तहतप्कामाझ लोकप्रिय बनेका छन् ।  निर्भीक, लगनशील, कर्मठ, परिश्रमी, जोसजाँगर एवं इच्छाशक्तिका धनी, आफ्नो पेशागत क्षेत्र-विधामा पूरापूर खारिएर शिखरतर्फको यात्रामा लम्कदै गरेका नबिनले विश्वका करिव डेढ दर्जन मुलुकको भ्रमण गरिसकेका छन् भने गीत, संगीतको सेवा गरे वापत दर्जनौं सम्मान, पुरस्कार तथा अवार्ड प्राप्त गरिसकेका छन् ।

'जफे गाउँ विकास समितिको सम्मान-२०५७' (गाविसको पहिलो गायक), 'म्युजिक खबर म्युजिक अवार्ड-२०२१' (सर्वोत्कृष्ट 'एल्बम', 'नबिन', 'म्युजिक खबर म्युजिक अवार्ड २०२१' (सर्वोत्कृष्ट आधुनिक गीत, 'कुवाको पानी...'), 'निम अवार्ड-२०२३' सर्वोत्कृष्ट गायक, 'सागरले मोती पायो...', 'निम अवार्ड-२०७८' (वर्षको सर्वोत्कृष्ट गायक, 'आँखाले हेऱ्यो नि...'), '८औं नेशनल क्यापिटल अवार्ड-२०७८' (जुरी अवार्ड सर्वोत्कृष्ट आधुनिक गायक, 'कुवाको पानी...'), 'राष्ट्रिय जेष्ठ नागरिक कोष प्रसंशापत्र-२०८२' (जेष्ठ नागरिक गीत) आदि यसैका केही उदाहरण हुन् ।

बरिष्ठ संगीतकार एवं गायक शक्ति बल्लभले भाषा संगीत बाँचेसम्म गायक नविनको गला र कला बाँच्ने बताउँदै भौतिक सम्पत्ति क्षणिक भए पनि संगीत कलाको आयु अनन्त रहेको बताए । उनले नविनको गायन कला  गहन र मन छुने रहेको ठम्याए । गीतकार संघ नेपालका पूर्व अध्यक्ष चुडामणि देवकोटाले गायक नविन 'अमरताको यात्रामा लाग्नु भएको' भन्दै स्रष्टा कहिल्यै भुतपूर्व नहुने बताउँछन् । गीतसंगीतका स्रष्टा र पारखीले गायक नवीनको शब्द र संगीत चयन र गायन कला सांगीतिक आकाशमा टिक्ने र बिक्ने खालको भएको टिप्पणी गर्छन् । त्यसो त अझै साधनाले खारिएर उत्कृष्ट संगीतकार र गीतकारका गीतका साथ नेपाली गीतसंगीतलाई अनवरत रुपमा योगदान गरिरहने उनको जोश प्रशंसनीय नै छ ।

हाल मुलधारका संचार माध्यममा छाइरहेका गायक नवीन कार्कीका संगीत सृजनाले संगीत अनुरागीका मन, मुटु र मस्तिष्कमा प्रभाव जमाइरहेका छन् । आफ्नो पहिलो एल्वम 'नवीन'को अपार सफलताबाट पुलंकित र उत्साहित हुँदै उनी नयाँ एल्वमको लागि गीत रेकर्डको तयारीमा जुटेका छन् । लोकप्रिय गीतकार र संगीतकारसँगको सहकार्यमा सार्वजनिक भएका उनका सांगीतिक उपहारले नेपाली गीत संगीतको क्षेत्रमा थप योगदान गर्ने कुरामा दुई मत छैन ।

*प्रस्तुति : हरिराम पौडेल*



# स्वरकी जादुगर आशा भोसले- एक अजम्बरी सांगीतिक यात्रा

पहाडको माथि-माथि होस् वा 'मोहनी लाग्ला है' भन्दै गुञ्जने प्रेमिल भाका, नेपाली र भारतीय सङ्गीत आकाशकी एक नक्षत्र आशा भोसले अब हामीबीच रहिनन् । ९२ वर्षको उमेरमा मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा उपचारका क्रममा हृदयाघातका कारण उनको निधन भएको छ । पाँच दशकभन्दा लामो साङ्गीतिक यात्रामा २० भन्दा बढी भाषामा १२ हजार गीत गाएर विश्व कीर्तिमान कायम गरेकी भोसलेको निधनले सङ्गीत संसार स्तब्ध बनेको छ ।

सन् १९३३ सेप्टेम्बर ८ मा साङ्गीतिक परिवारमा जन्मिएकी आशा पण्डित दीनानाथ मङ्गेशकरकी छोरी र स्वरकोकिला लता मङ्गेशकरकी कान्छी बहिनी हुन् । ९ वर्षकै उमेरमा पिता गुमाएपछि परिवारको जिम्मेवारी काँधमा आएपछि उनले सङ्गीतलाई नै जीवनको आधार बनाइन । सन् १९४३ मा मराठी फिल्मबाट सुरु भएको उनको यात्राले बलिउड हुँदै विश्व सङ्गीतलाई नै आफ्नो मुट्ठीमा पारेको थियो ।

आशा भोसलेको जीवन सङ्घर्ष र सफलताको एउटा खुल्ला किताब जस्तै छ । १६ वर्षको कलिलो उमेरमा परिवारको इच्छा विपरीत गरिएको विवाह, त्यसबाट उत्पन्न पारिवारिक दूरी र व्यक्तिगत जीवनका उतारचढावलाई उनले सधैँ सङ्गीतमार्फत व्यक्त गरिन । पछि प्रख्यात सङ्गीतकार आर.डी. बर्मनसँगको सहकार्य र वैवाहिक सम्बन्धले भारतीय सङ्गीतमा एउटा नयाँ युगको सुरुवात गर्‍यो ।



नेपाली सङ्गीतसँग पनि आशाको नाता निकै गहिरो र आत्मीय रह्यो । नेपाली फिल्मका सदाबहार गीतहरूः 'चिनो' को 'मोहनी लाग्ला है', 'लाहुरे' को 'पहाडको माथि-माथि', हरेक तिहारमा घन्किने 'दियो बाली साँझको' र 'कोशेली' को 'तिमी मेरो म तिम्रो' जस्ता गीतहरूले उनलाई नेपाली श्रोताको मुटुमा सधैँ जीवित राख्नेछ ।

विश्वकै प्रतिष्ठित 'ग्रामी अवार्ड' का लागि मनोनयन हुने पहिलो भारतीय गायिका भोसलेले आफ्नो गायन यात्रामा शास्त्रीय सङ्गीतदेखि आधुनिक पप र गजलसम्मलाई न्याय गरिन । २० भन्दा बढी भाषामा उनको स्वर सुरक्षित छ ।

आज भौतिक रूपमा आशा भोसले हामीमाझ नभए पनि उनका १२ हजारभन्दा बढी गीतहरूले उनीलाई युगौँयुगसम्म अजम्बरी बनाइराख्नेछन् ।

शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

भुपाल शिवाकोटी
सञ्चालक

भिष्म शिवाकोटी
सञ्चालक

शिवाकोटी मेनपावर प्रा.लि.

प्रधान कार्यालय | सामाखुसी, काठमाडौं
फोन : ४३८७९९१

सम्पर्क कार्यालय | अनारमनी-३, बिर्तामोड, झापा
फोन : ०२३-५४०७१५, ५४०९१७



पासाङ ल्हामुको ३३औं स्मृति दिवस

## सगरमाथामा नेपाली महिलाको साहसले इतिहास रचेको दिन

वि.सं. २०५० साल वैशाख १० गते नेपाली साहसी इतिहासको एउटा नयाँ पाना लेखिएको थियो। त्यो पाना, जसमा एउटी नेपाली छोरीले सगरमाथाको उच्च शिखरमा नेपाली झण्डा गाडेर विश्वलाई आफ्नो सामर्थ्य देखाएकी थिइन्।

सगरमाथाको उच्च चुचुरो, जहाँ पुग्ने सपना धेरैले देख्छन्, तर कमैले मात्र पूरा गर्छन्। ती कमैमध्येकी एक थिइन्- पासाङ ल्हामु शेर्पा। २०८३ वैशाख १० गते उनको ३३ औं स्मृति दिवस। यस अवसरमा काठमाडौंको चुच्चेपाटीस्थित उनको पूर्ण कदको शालिकमा माल्यार्पण गर्दै देशभर विभिन्न कार्यक्रम गरी उनको योगदानको स्मरण गरियो।

२०१७ साल मंसिरमा सोलुखुम्बुको चौरीखर्कमा जन्मिएकी पासाङ ल्हामुको यात्रा सहज थिएन। सगरमाथाको चुचुरो चुम्नुअघि उनले तीन पटकसम्म असफल प्रयास भोग्नुपरेको थियो। तर, "हार नमान्ने" शेर्पा स्वभाव र दृढ संकल्पले उनलाई चौथो पटक सफल बनायो। २०५० साल वैशाख १० गते दिउँसो २ बजेर १५ मिनेट जाँदा उनले सगरमाथाको दक्षिणी मोहडाबाट पाइला टेक्दै सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला र विश्वकी सत्रौँ महिलाको कीर्तिमान रचिन।

सफलताको त्यो क्षण जति गौरवपूर्ण थियो, त्यसपछिको समय उत्ति नै पीडादायी बन्यो। शिखरबाट फर्कने क्रममा उनले साउथ कोल क्षेत्रमा आफ्नो प्राण त्याग गरिन। उनको त्यो बलिदानले नेपाली महिलाहरूको साहसलाई विश्वव्यापी पहिचान दिलायो।

पासाङ ल्हामु केवल एक आरोही मात्र थिइनन्, उनी महिला सशक्तीकरणकी प्रतिमूर्ति थिइन। उनको योगदानको कदर गर्दै सरकारले २०५९ वैशाख १० मा उनलाई 'राष्ट्रिय विभूति' घोषणा गऱ्यो। 'सुप्रदिप्त मान्यवर नेपाल तारा' को मरणोपरान्त विभूषण प्रदान गऱ्यो। उनको नाममा पासाङ ल्हामु राजमार्ग र ७,३५१ मिटर अग्लो 'जासम्बा' हिमाललाई 'पासाङ ल्हामु चुली' नामकरण गरियो।

यो गौरवपूर्ण गाथामा एउटा अर्को अध्याय थपिएको छ। पासाङ ल्हामुले सगरमाथा आरोहण गरेको ठ्याक्कै ३० वर्षपछि, २०८० सालमा उनका श्रीमान् एवं वरिष्ठ पर्यटन व्यवसायी ल्हाक्पा सोनाम शेर्पाले ६४ वर्षको उमेरमा सगरमाथाको सफल आरोहण गरे। यससँगै उनले सातै महादेशका अग्ला शिखरहरू आरोहण गरी 'सेभेन समिट'को यात्रा पनि पूरा गरेका छन्।

जे देखियो

'राइट टु रिकल'को नयाँ अभ्यासः

## सुशासनको कसीमा सरकार

'सुशासन भनेको कागजमा लेखिने नारा मात्र होइन, यो त व्यवहारमा देखिने पद्धति हो।' प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले यो भनाइलाई चरितार्थ गर्दै सुशासनको सवालमा आफूलाई 'शून्य सहनशील' प्रमाणित गर्ने प्रयास गरेको छ।

विगतमा मन्त्रीहरूमाथि गम्भीर प्रश्न उठ्दा पनि 'नैतिकता' भन्ने शब्द शब्दकोशमै सीमित रहने गरेको तीतो यथार्थका बीच, यसपटक भने परिस्थितिले नयाँ मोड लिएको छ। आफ्नै मन्त्रीमाथि आर्थिक पारदर्शिताको प्रश्न उठ्ने बित्तिकै पदबाट बाहिरिनुपर्ने बाध्यात्मक तर नैतिक परम्पराको सुरुवात भएको छ।

यसै सिलसिलामा, शंकास्पद लगानी र विवादित व्यवसायीसँगको सम्बन्धका विषयमा प्रश्न उठेपछि गृहमन्त्री सुधन गुरुङले २६ दिनमै पदबाट राजीनामा दिएका छन्। रास्वपाको 'वाचा पत्र २०८२' मा उल्लेखित जवाफदेही शासनको मर्म र प्रधानमन्त्रीको 'काम नगरे राजीनामा दिनुस्' भन्ने कडा निर्देशनका बीच भएको यो बहिर्गमनले नेपाली राजनीतिमा नयाँ बहस सिर्जना गरेको छ। के यो राजीनामाले नागरिकको भरोसालाई थप बलियो बनाउला ?

'उत्कृष्ट कार्यसम्पादन गर्नुस्, काम गर्न नसके राजीनामा दिनुस्।' प्रधानमन्त्री बालेन्द्र शाहले गत चैत १३ गते कार्यभार सम्हाल्दा आफ्ना मन्त्रीहरूलाई दिएको यो निर्देशन अहिले सिंहदरबारको भित्तामा मात्र सीमित छैन, व्यवहारमा उत्रिन थालेको छ। सुशासनको चर्को नारा र जनअपेक्षाको ठूलो भारी बोकेर बनेको बालेन-रवि गठबन्धनको सरकार अहिले आफ्नै मन्त्रीहरूमाथि प्रश्न उठ्दा कति निर्मम बन्न सक्छ भन्ने कुराको पछिल्लो उदाहरण बनेका छन्– निवर्तमान गृहमन्त्री सुधन गुरुङ।



उत्तमबाबु भट्टराई

राष्ट्रिय स्वतन्त्र पार्टीको 'वाचा पत्र २०८२' मा लेखिएको छ– 'थिति बसाल्ने सङ्कल्प र नागरिक करार'। सोही वाचा पत्रको पृष्ठ २ मा उल्लेख भए बमोजिम 'बहुलवादी लोकतन्त्र र जवाफदेही असल शासन' को प्रत्याभूति गर्न यो सरकारले 'शून्य सहनशीलता' को नीति अख्तियार गरेको देखिन्छ।

माइक्रो इन्स्योरेन्समा शंकास्पद लगानी र विवादित व्यवसायीसँगको सम्बन्धका विषयमा सञ्चारमाध्यममा प्रश्न उठेपछि गृहमन्त्री गुरुङले पदबाट राजीनामा दिएका छन्। प्रधानमन्त्री बालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेले पद छोड्न निर्देशन दिएपछि गुरुङले राजीनामा बुझाएका हुन्। पद सम्हालेको २६ दिनमै बाहिरिएका गुरुङले आफ्नो राजीनामा पत्रमा भनेका छन्, 'मेरा ४६ जना भाइ-बहिनीहरूको रगत र बलिदानीको आडमा बनेको यो सरकारमाथि कसैले प्रश्न उठाउँछ भने त्यसको जवाफ नैतिकता नै हुनुपर्छ।'

यसअघि, कार्यभार सम्हालेको १३ दिनमै श्रममन्त्री दीपककुमार साहलाई पनि पदमुक्त गरिएको थियो। श्रीमतीलाई स्वास्थ्य बीमा बोर्डको सदस्य बनाएर स्वार्थको द्वन्द्व निम्त्याएको आरोपमा उनीमाथि रास्वपाले 'राइट टु रिकल' को प्रयोग गरेको थियो। रास्वपाको वाचा पत्रले परिकल्पना गरेको 'जवाफदेही नेतृत्व' को यो एउटा कडा परीक्षण पनि हो।

सभापति रवि लामिछानेले बारम्बार भन्दै आएका छन्– 'राइट टु रिकल एउटा दुईटाका लागि होइन, सबैका लागि हो। हामीले यो देशलाई जिताउनु छ।'

तर प्रश्न उठ्छ, के यो राजीनामाको श्रृंखलाले सरकारलाई अस्थिर बनाउँदैन ? विश्लेषकहरू भन्छन्– 'यदि प्रश्न उठ्ने बित्तिकै मन्त्रीहरूले बाटो खाली गर्छन् र छानबिनका लागि तयार हुन्छन् भने यसले विधिको शासनलाई बलियो बनाउँछ।'

प्रधानमन्त्री शाहले मन्त्रिपरिषद्बाटै १०० वटा शासकीय सुधारका कार्यसूची पारित गराएर मालपोत र नापीमा बिचौलियामुक्त अभियान, 'शून्य बाँकी फाइल' अभियान र लाइसेन्स वितरणमा सुधार जस्ता काम सुरु गरेका छन्। यस्तो अवस्थामा आफ्नै क्याबिनेटका सदस्यमाथि प्रश्न उठ्दा गरिएको यो 'सर्जिकल अपरेशन'ले नागरिकमा एक प्रकारको उत्साह त थपेको छ, तर आगामी दिनमा सुशासनको यो रफ्तारलाई कायम राख्नु नै सरकारको मुख्य चुनौती हुनेछ।

जेन-जी आन्दोलनको राप र तापबाट जन्मिएको यो सरकारका लागि वाचा पत्रमा भनिए झैँ 'सामाजिक न्यायसहितको उदार अर्थतन्त्र' र 'भ्रष्टाचारमुक्त समाज' निर्माण गर्न अबको बाटो सहज भने छैन। तर, प्रश्न उठेपछि पद त्याग गर्ने यो नयाँ राजनीतिक संस्कारले नेपाली राजनीतिमा एउटा नयाँ मानक भने पक्कै स्थापित गरेको छ।

# राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

**‘अर्थतन्त्र मापनको लागि आर्थिक गणना’**

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्यांक प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।
- तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।
- सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा
देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना ।

**रबिन गुरुङ, अध्यक्ष**

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
चप्पल कारखाना, काठमाडौं

नयाँ वर्ष २०८३ को

# शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा
देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**नवराज केसी, अध्यक्ष**

ISO 9001: 2000 Certified

**PARADISE**
INTERNATIONAL (P.) LTD.

कुपन्डोल, ललितपुर, फोन : ९७७-१-५४३३४३५, ५४२२०६३

नयाँ वर्ष
२०८३
को शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा देश-विदेशमा रहनु भएका
सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

रामराजा गौतम, अध्यक्ष
FEDERATION OF NEPAL FOREIGN EMPLOYMENT ORIENTATION AGENCY
FEONA
ESTD. 2004
★ Kathmandu, Nepal ★
वैदेशिक रोजगार अभिमूखिकरण व्यवसायी महासंघ
काठमाडौं, नेपाल

नयाँ वर्ष २०८३ को
शुभकामना



निःशुल्क वैदेशिक
रोजगारमा पठाउने
मेनपावर

वाईबी राई, अध्यक्ष

iMR
इन्टरनेशनल
मेनपावर रिक्रुटमेन्ट प्रा.लि.

ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०४३४६/४७/४८
E-mail: info@imrsolution.com,
admin@imrsolution.com


हार्दिक शुभकामना
नव वर्ष २०८३ को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।
इश्वर सापकोटा
अध्यक्ष
OXON International Pvt. Ltd. Kathmandu, Nepal
अक्सन इन्टरनेशनल प्रा.लि.
बानेश्वर, काठमाडौं, नेपाल


नयाँ वर्ष २०८३ को शुभकामना
नयाँ वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना।
जनक रावल
अध्यक्ष
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, तथा परिवार
RAWAL INTERNATIONAL PVT. LTD.
रावल इन्टरनेशनल प्रा.लि.
सिनामंगल, काठमाडौं

www.jbbl.com.np

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
*More than a Bank*

परिवर्तनको ज्योति

# ज्योति घर कर्जा

# Fixed Interest Rate



FIXED RATE
८.४९%

सर्तहरु लागु हुनेछ।

# आफ्नै घर, अब छैन टाढा

८०% सम्म फाइनान्सिङ्को सुविधा

## ७ वर्षको लागि स्थिर ब्याजदर

यो स्किम सिमित अवधि / रकम सिमाको लागि मात्र उपलब्ध छ


IME २५ औं वार्षिकोत्सव
imeगर
विदेशबाट पठाएको IME,
तपाईंको विश्वास र
हाम्रो जिम्मेवारी
विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME®
International Money Express
Fast, Reliable And Secure Remittance
khalti
by IME

**HARDIK**
IVF and Fertility Center
Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरूसंग
निःशुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं